# भाग १: सर्वेक्षणको परिचय

## १. पृष्ठभूमि

नेपालमा पुष्प उत्पादन तथा प्रयोग प्राचिनकाल देखि नै हुँदै आएको पाइन्छ । धार्मिक तथा साँस्कृतिक कार्यमा सिमित रहेको यसको प्रयोग पछिल्ला समयहरुमा सामाजिक तथा आत्मीय सम्बन्ध सुदृढ बनाउने माध्यमका रूपमा समेत विकास हुँदै आएको पाइन्छ । बद्लिदो विश्व परिवेश तथा नयाँ पुस्तामा आएको सोचको परिवर्तनको फलस्वरूप पुष्पखेतीले व्यावसायिक स्वरूप ग्रहण गर्दै आएको पाइन्छ । **आय आर्जन वा पेशा व्यवसायको उद्देश्यले व्यवसायिकरूपमा विभिन्न पुष्प र पुष्पजन्य बोट बिरूवाहरु उत्पादन तथा बिक्री बितरण गर्नु नै व्यवसायिक पुष्प व्यवसायका कृयाकलापहरु हुन् ।** तुलनात्मकरूपमा यस व्यवसायबाट अन्य व्यवसायको तुलनामा बढी आय आर्जन गर्न सकिने देखिन्छ । पुष्प व्यवसायबाट व्यवसायीहरुलाई मात्र आय आर्जन नभै यसले बिदेशबाट हुँदै आएको पुष्प र पुष्पजन्य बिरुवाको आयातलाई प्रतिस्थापन गरी देशको बढ्दो व्यापार घाटालाई कम गर्ने माध्यमको रूपमा पनि उपयोग गर्न सकिने भएकोले यो व्यावसाय नेपालको सन्दर्भमा अझ बढी महत्वपूर्ण रहेको छ भने सामुदायिक वन र खेर गइरहेका भूमी एवं घरका कौसी तथा करेसाबारीमा समेत पुष्पखेती गरी मनग्गे रूपमा बिदेशी मुद्रा आर्जन गर्न सकिने देखिन्छ । पुष्पखेती व्यवसायिकरूपमा फस्टाउने भएपछि नेपाली पुष्प उद्यमी र किसानहरु पनि पुष्पजन्य वस्तुको उत्पादन तथा व्यापारतर्फ बिस्तारै आकर्षित बन्दै गएका छन् । नेपालको विविध हावापानी र माटोको गुणअनुसार बिभिन्न जातका पुष्पखेतीको लागि उपयुक्त मानिन्छ ।

पुष्पखेतीबाट अन्य नगदे बालीबाट भन्दा अत्याधिक प्रतिफल आउनका साथै यसका लागि नेपालमा खेती योग्य जमीनको पनि कमी नभएकाले यो व्यवसायको भविष्य उज्वल देखिन्छ । नेपालमा पुष्पखेतीको बढोत्तरी हुँदै जाँदा पछिल्लो काल खण्डमा यसले ठुलो संख्यामा रोजगारीका अवसर सृजना गर्नुका साथै राष्ट्रिय अर्थतन्त्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

व्यवसायिक पुष्पखेती फस्टाउँदै जाँदा यससम्बन्धी तथ्याङ्कको महत्व पनि दिनानुदिन बढ्दै गएको छ । तथा सुचनाको आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभागले आर्थिक बर्ष २०७२/७३ मा व्यवसायिक पुष्पखेती सर्वेक्षण २०७२ सञ्चालन गर्दैछ । सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरु यस व्यवसायको विकासका लागि आवश्यक नीति निर्माण तथा योजना तर्जुमा र अनुगमन एवं मूल्यांकन गर्न उपयोगी हुनाका साथै अनुसन्धानकर्ता, व्यवसायी, विद्यार्थी र यस क्षेत्रमा चासो राख्ने अन्य सबै सरोकारवाला व्यक्तिहरुलाई पनि महत्वपूर्ण हुने विश्वास विभागले लिएको छ ।

सर्वेक्षणको फिल्ड कार्यमा आवश्यक प्राविधिक एवं सैद्धान्तिक विषयहरुलाई स्पष्ट पारी सहजतापूर्वक गणना कार्य सम्पन्न गर्ने उद्देश्यले यो निर्देशिका तयार गरिएको छ । यो निर्देशिका गुणस्तरीय तथ्याङ्क संकलन कार्य गर्ने गराउने कार्यमा एकरूपता कायम गर्न, संलग्न कर्मचारी तथा बिश्लेषणकर्ता सबैका लागि सहयोगी हुने अपेक्षा गरिएको छ ।

## २. उद्देश्य

नेपालमा सञ्चालनमा रहेका व्यवसायिक पुष्पखेती (दर्ता भएका वा नभएका) को अवस्था (Status), बनौट (Structure) र प्रकृति (Nature) सम्बन्धी जानकारीका साथै व्यवसायिकरूपमा पुष्पखेती गर्ने त्यस्ता फर्म/व्यवसायीहरूको जम्मा संख्या, तिनीहरुबाट सिर्जित रोजगारी, फूल, फूलका विरूवा तथा बीऊविजन उत्पादन तथा बिक्री, सञ्चालन तथा पूँजीगत खर्च आदि विवरणहरूको सङ्कलन, प्रशोधन, विश्लेषण एवं व्याख्या गरेर नेपालमा गरिएको व्यवसायिक पुष्पखेतीसम्बन्धी तथ्याङ्कीय विवरण प्रकाशन गर्नु यस सर्वेक्षणको प्रमुख उद्देश्य हो । बुँदागत रूपमा भन्नुपर्दा यो सर्वेक्षणका उद्देश्यहरू देहायअनुसार रहेका छन् ।

क) राष्ट्रिय अर्थतन्त्रमा व्यवसायिक पुष्पखेतीले पुऱ्याएको योगदानको अनुमान गर्ने ।

ख) व्यवसायिक पुष्पखेतीको अवस्था, वितरण, बनोट, प्रकृति, उत्पादित वस्तुको उपयोगको बारेमा तथ्याङ्कीय सूचना उपलब्ध गराउने ।

ग) यस क्षेत्रमा रोजगारीको स्थितिको बारेमा तथ्याङ्कीय सूचना उपलब्ध गराउने ।

घ) तथ्यमा आधारित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न योजनाविद्, नीति निर्माणकर्ता, प्राध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी तथा सरोकारवालाहरूलाई पुष्पखेतीसम्बन्धी तथ्याङ्क उपलब्ध गराउने ।

## ३. परिभाषा तथा सर्वेक्षण विधि

### ३.१ व्यवसायिक पुष्पखेतीको परिभाषा

व्यवसायिक पुष्पखेती सर्वेक्षण २०७२/७३ प्रयोजनको लागि व्यवसायिक पुष्पखेती व्यवसाय भन्नाले अर्थोपार्जनका उदेश्यले ***हिमाली तथा पहाडी जिल्लामा कम्तिमा ८ आना र तराईका जिल्लामा कम्तिमा १० धुर जग्गामा*** मौसमी, बहुबर्षे फूल तथा आलांकारिक बोट विरूवा उत्पादन, कट फ्लावर उत्पादन, बल्ब, राईजोम तथा ट्युवर उत्पादन, लुज फ्लावर उत्पादन र गार्डेन दुबो उत्पादन गरी बिक्री वितरण गर्ने गरी सञ्चालित व्यवसाय/व्यवसायीलाई जनाउँदछ ।

### ३.२ अध्ययनको दायरा तथा क्षेत्र (Scope and Coverage)

यस व्यवसायको भौतिक संरचना, रोजगारीको स्थिति, आय आर्जन तथा लगानीको स्थिती, व्यवसायले चलन गरेको जग्गाको क्षेत्रफल एवं उपयोग, विभिन्न जातका फूलका विरूवा तथा बीउको उत्पादन तथा बिक्री परिमाण, चालु तथा पूँजीगत खर्च तथा बिक्री विवरण, आयात र निर्यात विवरण, ऋणसम्बन्धी विवरण, व्यवसायले प्रयोग गरेको हरित गृह (ग्रिन हाउस), टनेल तथा व्यावासयिक भवनसम्बन्धी विवरण, व्यवसायीले लिएको तालिमसम्बन्धी विवरण, व्यवसायीको पूर्व व्यवसाय, भूकम्प लगायत अन्य कारणहरुबाट व्यवसायको उत्पादन तथा मूल्यमा आएको बृद्धि तथा ह्रास, व्यवसायसम्बन्धी भावी योजना, व्यवसायमा प्रभाव पार्ने विविध पक्षहरुसम्बन्धी व्यवसायीको धारणा लगायत व्यवसायिक उन्नतीका लागि सरकारसँगको अपेक्षा आदि समेटिएको छ ।

व्यवसायिक रूपमा पुष्पखेती सञ्चालन गरिएका नेपालका सबै जिल्लाहरुमा यो सर्वेक्षण सञ्चालन गरिनेछ । सन्दर्भ अवधिमा सञ्चालनमा रहेका व्यवसायहरु मात्र यो सर्वेक्षणमा समेटिएको छ ।

### ३.३ तथ्याङ्कको स्रोत (Data Source)

पहिलो चरणमा, प्रत्येक जिल्लामा गई माथि उल्लिखित परिभाषाअनुसार सञ्चालनमा रहेका व्यवसायी/कृषक परिवारको नामनामेसी साथै तिनले चलन गरेको क्षेत्रफल, प्रमुख उत्पादन तथा तलबी कामदार/कर्मचारी संख्या सहितको विवरण संकलन गरी जिल्लाअनुसार सूची तयार पारिएको छ । दोस्रो चरणमा, यसै सूचीका आधारमा सम्बन्धित व्यवसायमा गई अन्तरवार्ता बिधिबाट प्रश्नावली भरि विस्तृत विवरण संकलन गरिनेछ ।

## ४. सन्दर्भ अवधि

पुष्पखेती व्यवसाय सर्वेक्षण २०७२/७३ को लागि सन्दर्भ वर्ष र सन्दर्भ दिन गरी दुई किसिमका सन्दर्भ समय लिइएका छन् । ***सन्दर्भ वर्ष भन्नाले मिति २०७१ साउन १ देखि २०७२ असार मसान्तसम्म***को १२ महिनाको अवधिलाई मानिएको छ । ***सन्दर्भ दिन भन्नाले गणना भएको दिन***लाई मानिएको छ । प्रश्नावलीअन्तर्गत संकलन गरिने विभिन्न विवरणहरुको सन्दर्भ समय साधारणतया १२ महिनाको अवधिलाई मानिएको भए तापनि केही प्रश्नहरुमा भने सन्दर्भ अवधि गणनाको दिनलाई मान्नु पर्नेछ । *जस्तैः व्यवसाय सञ्चालनमा भएको चालु तथा पूँजीगत खर्च, अस्थायी कामदार संख्या, फूलका बोट विरूवा उत्पादन तथा बिक्री आदिको विवरण लिँदा सन्दर्भ अवधि १२ महिनाको अवधिलाई मानी विवरण संकलन गरिन्छ भने चलन गरेको क्षेत्रफल, स्थायी कामदारको संख्या, कृषि ऋण आदिलाई लिँदा गणनाको दिनलाई सन्दर्भ अवधि मानी विवरण संकलन गरिन्छ ।*

## ५. गोपनीयताको प्रत्याभूति

सर्वेक्षणमा सोधिएका व्यक्तिगत विवरणहरु तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य रहनेछन् र यी विवरणहरु तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछन् । तथ्याङ्क संकलकले सङ्कलित तथ्याङ्क गोप्य राखिने कुरामा उत्तरदातालाई विश्वस्त तुल्याउन सके मात्र सही तथ्याङ्क सङ्कलन गर्न सकिन्छ ।

## ६. तथ्याङ्क सङ्कलन गर्ने तरिका

व्यवसायिक पुष्पखेती सर्वेक्षणमा गणकले कृषक परिवारको घर-दैलोमा पुगेर कृषकसँग अन्तर्वार्ता लिएर प्रश्नावली भर्नुपर्छ ।

# भाग २: सूचीकरण तथा प्रश्नावली फाराम

व्यवसायिक पुष्पखेती सर्वेक्षण २०७२/७३ मा मुख्य दुई प्रकारका फारामहरु भरिनेछन् :

लगत १: व्यवसायिक पुष्पखेती सूचिकरण फाराम

लगत २: व्यवसायिक पुष्पखेती सर्वेक्षण प्रश्नावली

लगत १ प्रत्येक जिल्ला भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायहरूको सूची तयार पार्न प्रयोग गरिने छ । लगत १ को आधारमा प्रत्येक व्यवसाय सञ्चालकसँग लगत २ भर्नु पर्दछ ।

यस भागमा यी फारामहरू भर्ने तरिकाबारे विस्तारमा व्याख्या गरिएको छ। पहिले लगत १ र त्यसपछि लगत २ को भागअनुसार संक्षिप्त चर्चा गरिएको छ ।

## लगत १: व्यवसायिक पुष्पखेती सूचिकरण फाराम

तोकिएका जिल्लाका सबै व्यवसायहरूको विवरण लिन लगत १ प्रयोग गरिने छ। पछि लगत १ को आधारमा सम्पूर्ण व्यवसायहरूको लगत २ भरिन्छ ।

**जिल्ला**

सूचीकरण फारामको माथिल्लो भागको बायाँ कुनामा रहेको जिल्लाअन्तर्गतको खाली ठाउँमा सूचीकरण गर्न लागिएको व्यवसायिक पुष्पखेती जुन जिल्लामा सञ्चालनमा रहेको हो सोही जिल्लाको नाम स्पष्ट रूपमा लेख्नु पर्दछ ।

**कोड**

सूचीकरण फारामको सोही भागको दायाँ तर्फ रहेको कोड अन्तर्गतको खाली कोठामा सम्बन्धित जिल्लाको कोड लेख्नु पर्दछ । जिल्लाको कोड अनूसूची - १ मा दिईएको छ ।

**क्रमसंख्या (महल नं. १)**

यो एक सिलसिलेवार नम्बर हो ।

**व्यवसाय/व्यवसायीको नाम (महल नं. २)**

व्यवसाय/व्यावसायीको नाम लेख्दा दर्ता गरी सञ्चालन गरिएको व्यवसायको हकमा आधिकारिक निकायमा जे नाम राखेर रजिष्ट्रर्ड अर्थात् दर्ता गरिएको छ सोही नाम वा साइनबोर्डमा जे नाम लेखिएको छ सोही नाम नै व्यवसाय/व्यवसायीको नाम हुन आउँछ । साइनबोर्ड नभएको अवस्थामा व्यवसायले प्रयोग गर्ने रसिद वा छाप वा लेटरप्याड् आदिमा जे नाम उल्लेख गरिएको छ सोही नाम यहाँ लेख्नु पर्दछ । दर्ता नभई सञ्चालनमा रहेको व्यवसायको नाम लेख्दा भने मुख्य व्यवसायीको नाम नै लेख्नु पर्दछ ।

**प्रमुख सञ्चालकको नाम (महल नं. ३)**

यस महलमा सो व्यवसायको प्रमुख सञ्चालनकर्ताको नाम लेख्नु पर्दछ । प्रमुख सञ्चालक एकजना मात्र भए निजको नाम र एकभन्दा बढी सञ्चालकहरू रहेको अवस्थामा तिनीहरूमध्ये प्रमुख सञ्चालक को हो सोधी एकिन गरी उसको नाम लेख्नु पर्दछ ।

**गा.वि.स./न.पा. (महल नं. ४)**

ठेगानाअर्न्तगतको यस महलमा व्यवसाय सञ्चालनमा रहेको गा.वि.स. वा नगरपालिकाको नाम स्पष्टसँग लेख्नु पर्दछ ।

**वडा नं.(महल नं. ५)**

ठेगानाअर्न्तगतको यस महलमा व्यवसाय महल नं ४ अन्तर्गत उल्लेखित गा.वि.स. वा नगरपालिकाको कुन वडामा सञ्चालनमा रहेको छ सोही वडा नम्बर यहाँ लेख्नु पर्दछ ।

**गाउँ/टोल (महल नं.६ )**
सूचीकरण गर्न लागिएको व्यवसाय जुन गाउँ/टोलमा रहेको छ सोही गाउँ/टोलको नाम यसमहलमा लेख्नु पर्दछ ।

**सम्पर्क व्यक्तिको फोन नम्बर (महल नं. ७)**
यस महलमा सूचीकरण गर्न लागिएको व्यवसायको बारेमा सम्पुर्ण जानकारी दिन सक्ने व्यक्तिको संपर्क टेलिफोन वा मोबाइल नम्बर लेख्नु पर्दछ ।

**दर्ता गरेको छ, छैन ?(महल नं. ८)**
नेपालमा पुष्प व्यवसाय दुई किसिमबाट सञ्चालन हुँदै आएको पाइन्छ । पहिलो दर्ता गरेर र दोस्रो दर्ता नगरीकन । व्यवसाय सञ्चालन गर्नुअघि वा सञ्चालन भैसकेपछि कुनै पनि सरकारी निकायमा वा स्थानीय निकायमा वा विकास समितिमा दर्ता गरेकोलाई दर्ता गरेको मान्नुपर्दछ । यदि सो व्यवसाय दर्ता भएको भए १ मा र नभएको भए २ मा गोलो घेरा लगाउनु पर्दछ ।

**सञ्चालन बर्ष (महल नं ९)**
सूचीकरण गर्न लागिएको व्यवसाय जुन बर्ष देखि सञ्चालनमा आएको हो सोही बर्ष यस महलमा बिक्रम सम्बतमा लेख्नु पर्दछ । कुनै व्यवसायी शुरुमा दर्ता नगरी सञ्चालन गरिएको र पछि दर्ता गरिएको भएमा दर्ता गरिएको वर्ष सञ्चालन वर्ष नभै शुरु सञ्चालन वर्ष नै लेख्नु पर्दछ ।

**प्रमुख उत्पादन (महल नं १०)**
सूचीकरण फारमको यस महलमा सञ्चालित व्यवसायको प्रमुख उत्पादन जुन हो सोही जनाउने विकल्पको कोडमा गोलो घेरा लगाउनु पर्दछ । जस्तै उक्त व्यवसायको प्रमुख उत्पादन मौसमी फूल, बहुबर्षे फूल तथा आलांकारिक बोट विरूवा उत्पादन भए कोड १ मा, कट फ्लावर उत्पादन भए कोड २ मा, लुज फ्लावर उत्पादन भए कोड ३ मा, गार्डेन दुबो उत्पादन भए कोड ४ मा र बल्ब, राईजम तथा टयुवर उत्पादन भए कोड ५ मा गोलो घेरा लगाउनु पर्दछ ।

***मौसमी फूल***
*मौसमी फूल भन्नाले १ वर्ष भित्र आफ्नो जीवनचक्र पूरा गरि बोटै समेत मरेर (नष्ट भएर) जाने फूलका विरूवा हरुलाई जनाउँदछ । जस्तै सयपत्री, जिनीया, आएस्टर, डाहलिया, सालभिया, सनफ्लावर, एम्पेसन, बिगुनिया, पोर्चुलाका, पिटुनिया सिंगल, पिटुनिया डबल, प्यान्जी, भर्विना, डायन्थस, बागमुखी, कार्नेशन, क्याल्सेरिया, डेल्फोनियम, गजनिया, सिनेरिया, सिजान्थस, सिलोसिया, गैलार्डिया, असर्फी, मिसिनब्रायनथस, स्टक, फ्लाक्स, रानन कुलस आदि ।*

***बहुबर्षे फूल***
*बहुबर्षे फूल भन्नाले जसको जीवनचक्र १ बर्ष भन्दा बढि समय सम्म रही सोहि बोटबाट निरन्तर फूल फुल्ने फूलका विरूवा हरुलाई जनाउँदछ । जस्तैः अर्किड, गुलाफ, गोदावरी, इन्द्रकमल, निलजाई, एजेलिया, क्यामेलिया, जाई, जुई, चमेली, बगमवेली, पारिजात, गुराँस, लालुपाते आदि ।*

***आलांकारिक बोट विरूवा***
*आलांकारिक बोट विरूवा भन्नाले घरभित्र वा बाहिर सजावट तथा हरियाली गर्ने प्रयोजनका लागि प्रयोग हुने फूल नफुल्ने १ वर्षभन्दा बढि जीवनचक्र हुने बोट विरूवा हरुलाई जनाउँदछ । जस्तैः धुपी, समी, पाम, ड्रेसिनाका विभिन्न प्रजातिहरु, म्यापल आदि ।*

***कट् फ्लावर***
*कट् फ्लावर भन्नाले जीवनचक्र* ***१ बर्ष भन्दा बढि*** समयसम्म *रही निरन्तर फूल फुल्ने फूलका बोट विरूवा बाट उत्पादित वा काटेर निकालिएको हाँगा सहितको फूललाई जनाउँदछ । जस्तैः गुलाफ, गोदावरी, कार्नेशन, जर्वेरा, ग्लाडुलस, अर्किड आदि ।*

***लुज फ्लावर***

*लुज फलावर भन्नाले **<u>१ वर्ष भित्र</u>** आफ्नो जीवनचक्र पूरा गरि बोटै समेत मरेर जाने फूल का विरूवा बाट उत्पादित वा काटेर निकालिएको हागा विनाको फूल लाई जनाउदछ । जस्तैः सयपत्री, मखमली, असर्फी, लाहुरे आदि । लुज फ्लावर विशेषगरी मठ मन्दिरमा पुजाआजाका लागि आवश्यक फूल तथा मालाको आवश्यकता पूर्तिका लागि उत्पादन गरिन्छ ।*

***गार्डेन दुबो***

*गार्डेन दुबो भन्नाले गार्डेनिङ्ग तथा ल्याण्डस्केपिङ्गमा हरियाली तथा सजावट प्रयोजनका लागि प्रयोग गरिने १ वर्ष भन्दा बढि जीवनचक्र हुने फूल नफुल्ने घाँसको विरूवाहरुलाई जनाउँदछ ।*

***बल्ब, राईजोम तथा ट्युवर उत्पादन***

*बल्ब, राईजोम तथा टयुवर भन्नाले १ वर्ष वा सो भन्दा बढि वर्षभित्र आफ्नो जीवनचक्र रही फूल उत्पादन गर्ने गाना, गोला तथा जराहरुलाई जनाउँदछ । जस्तैः ग्लाडुलसको बल्ब, लिलियमको बल्ब, ट्युवरोजको बल्ब, ग्लोरिसा, हेमन्थस, लाइकोरिस, इचिमिनस आदि । यी बल्ब, राइजोम तथा ट्युबर बीउका लागि उत्पादन गरी पुष्पखेती गर्ने व्यवसायीलाई बिक्री गरिन्छ ।*

**क्षेत्रफलको एकाइ (महल ११)**

चलन गरेको क्षेत्रफल अन्तर्गतको यस महलमा व्यवसायले ओगटेको जग्गाको क्षेत्रफल बिघामा भए कोड १ मा र रोपनीमा भए को २ मा गोलो घेरा लगाउनु पर्दछ ।

**बिघा/रोपनी, कट्ठा/आना, धुर/पैसा (महल १२, १३, १४)**

यी महलहरुमा जग्गाको क्षेत्रफल उल्लेख गर्दा पुष्पखेती गरिएको क्षेत्रफलका साथै कार्यालय भवन, टनेल, प्रदर्शनिकक्ष आदि समेतले ओगटेको सम्पूर्ण क्षेत्रफल महल ११ मा बिघा जनाउने कोड १ मा गोलो घेरा लगाएको भए बिघा, कट्ठा र धुरमा र महल ११ को रोपनी जनाउने कोड २ मा गोलो घेरा लगाएको भए रोपनी, आना र पैसामा उपर्युक्त महलहरुमा व्यवसायले चलन गरेको क्षेत्रफल लेख्नु पर्दछ ।

**पुरुष, महिला (महल १५ र १६)**

तलबी कामदार/कर्मचारी संख्या अन्तर्गतका यी महलहरुमा सम्बन्धित व्यवसायमा कार्यरत पुरुष तलबी कामदार/कर्मचारीको संख्या महल नं १५ र महिला कामदार/कर्मचारीको संख्या महल नं १६ मा लेख्नु पर्दछ । तलब नलिई उक्त व्यवसायमा पूर्णरूपले काम गर्ने सञ्चालक/व्यवसायीको परिवारको सदस्य संख्यालाई यहाँ गणना गर्नुहुदैन । तर तलब लिई काम गर्ने सञ्चालक/व्यवसायीको परिवारको सदस्यको हकमा भने सो समेतलाई तलबी कामदारको रूपमा गणना गरि संख्या लेख्नु पर्दछ ।

**लगानी (महल नं १७)**

यस महलमा व्यवसाय सञ्चालनमा गरिएको लगानी रकम रु १० लाख सम्म भए कोड १, १० देखि २० लाख भए कोड २, २० देखि ३० लाख भए कोड ३, ३० देखि ४० लाख भए कोड ४ र ४० देखि ५० लाख भए कोड ५ र ५० लाख भन्दा माथि भए कोड ६ मा गोलो घेरा लगाउनु पर्दछ ।

**कैफियत (महल नं १८)**

यस महलमा माथि उल्लेख गरिएका बाहेक अन्य महत्वपूर्ण विवरण केही भए उल्लेख गर्न सकिन्छ ।

**संकलनकर्ताको नाम**

सूचीकरण फारमको तल्लो भागको बायाँ तर्फ रहेको संकलनकर्ताको नामअन्तर्गतको खाली ठाउँमा माथी उल्लेखित विवरणहरु संकलन गर्ने कर्मचारीको नाम लेख्नु पर्दछ ।

**मिति**

सूचीकरण फारामको तल्लो भागको दायाँ तर्फ रहेको मितिअन्तर्गतको खाली ठाउँमा सूचीकरण कार्य सम्पन्न भएको मिति साल, महिना र गतेमा लेख्नु पर्दछ ।

# k|ZgfjnL ebf{ Wofg lbg'kg]{ s'/fx?

१ जिल्लाभित्रका सम्पूर्ण व्यवसायिकरुपमा पुष्पखेती गर्ने व्यवसायीहरुबाट यो प्रश्नावली भर्नुपर्छ । यो प्रश्नावली प्रत्येक व्यवसायीका लागि बेग्लाबेग्लै प्रयोग गर्नु पर्दछ ।

२ आफै पुष्प खेती व्यवसाय सञ्चालन नगरि नर्सरीबाट बोट विरूवा खरिद गरी बिक्रीगर्ने बिक्रेताहरू व्यवसाय सञ्चालक नहुने हुदाँ ती व्यवसायीहरुको प्रश्नावली भर्नु हुदैन ।

३ प्रश्नावली भर्दा भरसक प्रमुख सञ्चालकसँग अन्तर्वार्ता लिएर सबै कुरा स्पष्ट बुझिने गरी नेपालीमा लेख्नुपर्दछ ।

४ विवरणहरू **निलो मसी** भएको डट्पेनले भर्नु पर्दछ ।

५ यस प्रश्नावलीका प्रश्नहरु मध्ये वैकल्पिक उत्तर दिइएका प्रश्नहरुको हकमा उत्तरदाताबाट प्राप्त जवाफअनुसार उपयुक्त जवाफको सङ्केतमा (कोडमा) गोलोघेरा ○ *लगाउनु पर्दछ । उत्तर लेख्नुपर्ने भए* आवश्यकताअनुसार स्पष्ट अक्षर वा अङ्कमा लेख्नु पर्दछ ।

६ प्रश्नावलीमा सोधिएका कुनै कुरा सम्बन्धित व्यवसायमा नपाइएमा जवाफ लेख्नुपर्ने ठाउँमा यस्तो “-” (ड्यास) चिन्ह अनिवार्य रुपमा लगाउनु पर्दछ । यसले प्रश्नावलीमा भएको कुनै पनि प्रश्न सोध्न छुटेको होइन भन्ने कुरा निश्चित गराउँछ ।

७ सोध्न आवश्यक नभएका वा सोध्नु नपर्ने प्रश्नको जवाफ लेख्नुपर्ने ठाउँ खाली छोड्नु पर्दछ ।

८ कुनै महल वा हरफ खाली छोड्नुपर्ने भएमा तेर्सो धर्को तान्नु पर्दछ ।

९ कुनै खण्ड पूरै खाली छोड्नुपर्ने भएमा सो खण्मा छड्के धर्को तान्नु पर्दछ ।

१० उदाहरण :

| | |
|---|---|
| गोलोघेरा लगाउनुपर्ने प्रश्नमा | उत्तरदाताको जवाफअनुसार उपयुक्त सङ्केतमा (कोडमा) गोलोघेरा लगाउनु पर्दछ । जस्तै, (३) |
| अङ्कमा उत्तर लेख्नुपर्ने भए | नेपालीमा (देवनागरीमा) अङ्क लेख्नु पर्दछ । जस्तैः ४९; ७; ०५; २०७२ |
| अक्षरमा उत्तर लेख्नुपर्ने भए | नेपालीमा (देवनागरी लिपीमा) लेख्नु पर्दछ । जस्तैः धनमाया पुन; भक्तपुर । |
| कुनै महल, हरफ वा खण्डको जवाफ भर्नु नपर्ने भए | अवस्था अनुसार यस्तो “-” चिन्ह, वा तेर्सो वा छड्के धर्को तान्नु पर्दछ, खाली छोड्नु हुँदैन । |

११ फाराममा क्रमसंख्या लेख्दा विभागबाट उपलब्ध गराइएको लिष्टअनुसार क्रमसंख्यासँग मिलेको छ या छैन हेर्नु पर्दछ । क्रमसंख्या लेख्दा तल उदाहरणमा भए बमोजिमको हुनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३ | ५ | ० | ० | १ |

यहाँ ३५ चितवन जिल्लाको कोड र १ त्यस जिल्लाको पहिलो व्यवसायीको क्रमसंख्या हो ।

१२ प्रश्न ३.१ अन्तर्गतको तलबी कर्मचारीको कुनै कोठामा कर्मचारीको संख्या उल्लेख भएको छ भने सम्बन्धित कोठामा तलब वा अन्य सुविधाको रकम अनिवार्य लेखेको हुनुपर्दछ ।

१३ सन्दर्भ वर्ष भन्नाले **२०७१ साउन १ देखि २०७२ असार मसान्त**सम्मको १२ महिनाको अवधिलाई मानिएको छ ।

१४ सन्दर्भ दिन भन्नाले गणना भएको दिनलाई मानिएको छ ।

**सम्पूर्ण विवरण लिएपश्चात् उत्तरदातालाई धन्यबाद ज्ञापन गरी मात्र बिदा लिनुपर्दछ ।**

# लगत २: व्यवसायिक पुष्पखेती सर्वेक्षण प्रश्नावली

## खण्ड १: परिचयात्मक विवरण

**पुष्पखेती व्यवसायीको ठेगाना**

**१.१ जिल्ला**
व्यवसाय रहेको जिल्लाको नाम प्रश्न १.१ अन्तर्गतको खाली ठाउँमा लेख्नु पर्दछ । जस्तैः चितवन जिल्लामा रहेको व्यवसायको विवरण सङ्कलन गरिँदैछ भने जिल्लापछिको खाली ठाउँमा "चितवन" लेख्नु पर्दछ र दाहिने किनारामा रहेका दुई कोठाहरूमा चितवन जिल्लाको कोड "३५" लेख्नु पर्दछ । जिल्लाको कोड यसै निर्देशिकाको **अनुसूची १** मा दिइएको छ ।

**१.२ नगरपालिका/गा.वि.स.**
व्यवसाय रहेको नगरपालिका/गाउँ विकास समितिको नाम प्रश्न १.२ अन्तर्गतको खाली ठाउँमा लेख्नु पर्दछ । नगरपालिका/गाउँ विकास समितिको कोड दाहिने किनारामा रहेको कोठामा विभागबाट उपलब्ध गराईएको सम्बन्धित नगरपालिका तथा गाउँ विकास समितिको कोड लेख्नु पर्दछ । नगरपालिका भए कोड १ तथा गा.वि.स. भए कोड २ लेख्नु पर्दछ ।

**१.३ वडा नम्बर**
प्रश्न १.२ मा उल्लेख गरिएको व्यवसाय नगरपालिका/गाउँ विकास समितिको कुन वडामा सञ्चालनमा रहेको छ । सोही वडा नम्बर यहाँ लेख्नु पर्दछ । हाल नगरपालिका घोषणा भएको अवस्थामा वडा नम्बर लेख्दा पुरानो गाउँ विकास समितिअन्तर्गतको वडा नम्बर नलेखी नयाँ कायम भएको नगरपालिकाको वडा नम्बर लेख्नु पर्दछ ।

**१.४ गाउँ/टोल**
व्यवसाय जुन गाउँ/टोलमा रहेको छ सोही गाउँ/टोलको नाम यस ठाउँमा लेख्नु पर्दछ ।

**१.५ व्यवसाय/व्यवसायीको नाम**
दर्तागरि सञ्चालन गरिएको व्यवसाय भएमा व्यवसायको नाम लेख्दा आधिकारिक निकायमा जे नाम राखेर दर्ता गरिएको थियो सोही नाम वा साइनबोर्डमा जे नाम लेखिएको छ सोही नाम नै व्यवसायको नाम हुन आउँछ । साइनबोर्ड नभएको अवस्थामा व्यवसायले प्रयोग गर्ने रसिद वा छाप वा लेटर प्याड आदिमा जे नाम उल्लेख गरिएको छ सोही नाम यहाँ उल्लेख गर्नुपर्दछ । व्यवसायको नाम पटकपटक बदल्ने गरिएको पाइएमा पछिल्लोपटक जे नयाँ नाम राखिएको छ सोही नाम नै यहाँ लेख्नु पर्दछ ।

दर्ता नगरि सञ्चालन गरिएको व्यवसाय भएमा व्यक्तिको नाम लेख्दा भने व्यवसाय सञ्चालन गर्ने प्रमूख व्यवसायीको नाम नै लेख्नुपर्दछ । व्यवसाय/प्रमूख व्यवसायीको नाम उल्लेख गरिसकेपछि सम्पर्कको लागि निजको मोबाइल नम्बर वा फोन नम्बर दिइएको कोठामा स्पष्टसँग लेख्नु पर्दछ ।

**१.६ इमेल ठेगाना**
यस महलको खाली रहेको ठाउँमा व्यवसायीले प्रयोग गर्ने गरेको इमेल ठेगाना लेख्नु पर्दछ ।

**प्रमुख सञ्चालकको विवरण**

**१.७ नाम**
प्रमुख व्यवसाय सञ्चालनकर्ताको नाम यहाँ लेख्नुपर्दछ । प्रमुख सञ्चालक एकजना मात्र भए निजको नाम र एकभन्दा बढी सञ्चालकहरू रहेको अवस्थामा तिनीहरूमध्ये एकको नाम लेख्नु पर्दछ ।

**१.८ लिङ्ग**

प्रश्न १.६ मा उल्लिखित प्रमुख सञ्चालक महिला पुरुष के हुन् सोहीअनुसार पुरुष भए कोड १ र महिला भए कोड २, दिइएको कोठामा लेख्नु पर्दछ ।

**१.९ उमेर**

प्रश्न नं. १.६ मा उल्लिखित प्रमुख सञ्चालकको पूरा भएको उमेर दिइएको कोठामा लेख्नु पर्दछ । *उदाहरणको लागि कुनै सञ्चालकको उमेर ४५ वर्ष ११ महिना २९ दिन भएपनि पुरा गरेको उमेर ४५ वर्ष नै लेख्नुपर्दछ ।*

**१.१० शैक्षिक योग्यता**

व्यवसाय सञ्चालन गर्ने **प्रमुख सञ्चालक**को शैक्षिक योग्यता सोधी खाली ठाउँमा लेखेर शैक्षिक योग्यताको कोड दाहिने तिरको कोठामा लेख्नु पर्दछ । उत्तीर्ण गरेको तह लेख्दा सम्बन्धित व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक योग्यताको सबैभन्दा माथिल्लो तहको कोड लेख्नु पर्दछ, अध्ययन गरिरहेको तह लेख्नु हुँदैन । शैक्षिक योग्यताको कोड **अनुसूची २** मा दिइएको छ ।

**१.११ जात/जाति**

व्यवसाय सञ्चालन गर्ने प्रमुख सञ्चालक अर्थात् प्रश्न १.६ मा उल्लिखित प्रमुख सञ्चालकको जात/जाति के हो सोधी यस महलमा सो जात/जातिको नाम लेखी **अनुसूची ३** मा दिएअनुसार सम्बन्धित जात/जातिको कोड लेख्नु पर्दछ ।

**द्रष्टव्यः**

***परिचयात्मक विवरणको अन्तिममा, भरिएको सम्पूर्ण प्रश्नावली रुजु गरी गणकको नाम, सही, गणना मिति, सुपरिवेक्षकको नाम, सही र सुपरिवेक्षण मिति अनिवार्यरूपले भर्नु पर्दछ ।***

# खण्ड २: सामान्य विवरण

**२.१ यो व्यवसाय कुनै निकायमा दर्ता गर्नुभएको छ ?**
व्यवसायिक पुष्पखेती दुई किसिमबाट सञ्चालन हुँदै आएको पाइन्छ । पहिलो दर्ता गरेर र दोस्रो दर्ता नगरीकन । व्यवसाय सञ्चालन गर्नुअघि वा सञ्चालन भैसकेपछि कुनै पनि सरकारी वा स्थानीय निकाय वा विकास समितिमा दर्ता गरेकोलाई दर्ता गरेको मान्नुपर्दछ । यदि दर्ता भएको भए १ मा गोलो घेरा लगाई २.२ मा जानु पर्दछ र दर्ता नभएको भए २ मा गोलो घेरा लगाई २.३ मा जानुपर्दछ । यस प्रश्नको मुख्य आशय भनेको “दर्ता भएर वा नभएर सञ्चालनमा रहेका व्यवसायहरूको अवस्था थाहा पाउनु” हो ।

*दर्ता मिति*
*व्यवसाय कुन साल (बिक्रम सम्वत्) मा दर्ता गरेको हो सोही साललाई यहाँ लेख्नु पर्दछ । यदि व्यवसाय अर्कै व्यक्ति वा संस्थासँग खरिद गरेर पुन दर्ता गरी सञ्चालन गरिरहेको रहेछ भने निजले खरिद गरी कुन सालमा दर्ता गरेको हो, सोही साललाई यहाँ लेख्नु पर्दछ ।*

**२.२ व्यवसाय दर्ता गरेको निकाय**
दर्ता गरी सञ्चालनमा रहेका व्यवसाय कुन निकायमा दर्ता भई सञ्चालित हो सोहीमा गोलो घेरा लगाउनु पर्दछ । घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति भए “१” मा, कम्पनी रजिष्ट्रारको कार्यालय भए “२” मा, गा.वि.स./न.पा. भए ३ मा, जिल्ला कृषि विकास कार्यालय भए “४” मा र यी बाहेक अन्य कुनै निकायमा दर्ता गरेको भए अन्य “५” मा गोलो घेरा लगाई सो निकायको नाम खुलाउनु पर्दछ । यदि व्यवसायीले एक भन्दा बढी निकायमा व्यवसाय दर्ता गरेको भए दर्ता भएका सबै निकायको कोडमा गोलो घेरा लगाउनु पर्दछ ।

**२.३ व्यवसाय सञ्चालन वर्ष (बिक्रम सम्वत्मा)**
व्यवसाय कुन साल (बिक्रम सम्वत्) देखि शुरु गरेको हो सोही साललाई यहाँ लेख्नु पर्दछ । यदि व्यवसाय कुनै समय बन्द भई फेरि केही समयपछि सञ्चालनमा आएको रहेछ भने पछिल्लो पटक सञ्चालन गर्दाको साल उल्लेख गर्नु पर्दछ । यदि व्यवसाय अर्कै व्यक्ति वा संस्थासँग खरिद गरी सञ्चालन गरिरहेको रहेछ भने निजले खरिद कुन सालमा गरेको हो, सोही साललाई यहाँ लेख्नु पर्दछ ।

**२.४ यस व्यवसायको स्वामित्व कस्तो प्रकारको हो ?**
व्यवसाय स्थापना तथा सञ्चालन गर्ने व्यक्ति वा संघसंस्थाद्वारा गरिएको पूँजी लगानीको हैसियतलाई स्वामित्व भन्ने बुझ्नुपर्दछ । अर्को अर्थमा “स्वामित्व” भन्नाले व्यवसायको सम्पूर्ण पूँजी र त्यसको उत्पादनको अधिकारवाला भन्ने बुझाउँछ । स्वामित्व धेरै प्रकारका हुने भए तापनि यस सर्वेक्षणमा स्वामित्वलाई ३ वर्गमा विभाजन गरिएको छ । व्यवसाय जुन प्रकारको स्वमित्वअन्तर्गत सञ्चालित छ, सोही कोडमा गोलो घेरा लगाउनुपर्दछ । स्वामित्व **निजी** भन्ने आएमा “१” मा, स्वामित्व **नेपाल सरकार** भन्ने आएमा “२” मा र स्वामित्व **अन्य** आएमा “३” मा गोलो घेरा लगाई स्वामित्व कस्तो प्रकारको हो खुलाउनु पर्दछ ।

***निजी***
*निजि क्षेत्रको पूँजीबाट एकलौटी वा संयुक्तरूपमा नेपाली नागरिक वा कम्पनीद्धारा सञ्चालन गरिएको व्यवसाय स्वदेशी निजी स्वामित्वअन्तर्गत पर्दछ । जस्तैः रामु पुष्प नर्सरी ।*

***नेपाल सरकार***
*नेपाल सरकारको पूर्ण वा अर्ध सरकारी स्वामित्वमा सञ्चालित व्यवसाय नेपाल सरकारअन्तर्गत पर्दछन् । जस्तै : गोदावरी पुष्प विकास केन्द्र*

***अन्य (खुलाउने)***
*माथि उल्लिखितबाहेक अन्य कुनै प्रकारको स्वामित्वको आधारमा व्यवसाय सञ्चालन भएको भए अन्य स्वामित्वअन्तर्गत लेख्नु पर्दछ र कस्तो प्रकारको स्वामित्वअन्तर्गत सञ्चालन भएको हो सो समेत खुलाउनु पर्दछ । जस्तैः विदेशी निजी, स्वदेशी र विदेशी निजीको मिश्रित आदि ।*

**२.६ यस व्यवसायको मुख्य उत्पादन के हो ?**
नेपालमा पुष्प व्यवसाय मुलतः मौसमी, बहुबर्षे फूल तथा आलांकारिक बोट विरूवा, कट् फ्लावर, लुज फ्लावर, बीउ विजन, बल्ब, राईजोम तथा ट्युवर र गार्डेन दुबो उत्पादन गरी बिक्री गर्ने उद्देश्यका साथ स्थापना भई सञ्चालनमा रहेको पाइन्छ । साधारणतया हरेक नर्सरीले यी माथि उल्लेखित क्रियाकलाप सबै गर्ने गरेको पाइन्छ ।

सन्दर्भ अवधिमा व्यवसायले उत्पादन गरेको वस्तु एउटा मात्र भए सोही वस्तु नै प्रमुख उत्पादित वस्तु हो । दुई वा दुईभन्दा बढी वस्तुहरू उत्पादन गर्ने भए मात्र प्रमुख उत्पादन कुन हो भनी छुट्याउनुपर्ने प्रश्न खडा हुन्छ । फर्मले एकभन्दा बढी उत्पादन गरिरहेको अवस्थामा "मुख्य उत्पादन" के लाई मान्ने भनी द्विविधा भएको अवस्थामा सन्दर्भ अवधिमा ***"आम्दानीको हिसाबले सबैभन्दा बढी आम्दानी हुने अर्थात् जुन उत्पादित वस्तुको कुल वार्षिक परिमाणको मूल्य बढी हुन्छ सोही उत्पादित वस्तुलाई"*** मुख्य उत्पादन मानी सोहीबमोजिम उपयुक्त उत्पादनको कोडमा गोलो घेरा लगाउनु पर्दछ ।

# खण्ड ३: रोजगारी

प्रश्नावलीको यस खण्डमा, व्यवसायमा संलग्न कामदारसम्बन्धी विवरणहरू सङ्कलन गरिन्छ । व्यवसायिक पुष्पखेतीमा संलग्न व्यक्ति जसले नगद, जिन्सी वा अन्य कुनै शर्तमा पारिश्रमिक लिएर वा नलिएर काम गर्ने गर्दछन् त्यस्ता व्यक्तिहरूलाई नै कामदार भनिन्छ ।

***स्थायी कामदार***

*पारिश्रमिक दिएर सन्दर्भअवधिभित्र व्यवसायमा नियमितरूपले काम गर्न लगाइएको व्यक्तिलाई स्थायी कामदार भनिन्छ । सन्दर्भअवधिभित्र काम गरेको जम्मा दिनको (साधारणतया ६ महिना वा सोभन्दा बढी) आधारमा स्थायी र अस्थायी कामदार छुट्टयाउने गरिन्छ तापनि मूलरूपमा काम लगाउने व्यक्तिले उसलाई जुनरूपको कामदार भन्छ, सोहीअनुसार स्थायी वा अस्थायी मान्नु पर्दछ । कामदारले पारिश्रमिकको रूपमा तोकिएको जिन्सी वा नगद जुनसुकै लिएको हुन सक्दछ ।*

***अस्थायी कामदार***

*अस्थायी कामदार भन्नाले सन्दर्भअवधिभित्र पारिश्रमिक दिएर पटकपटक वा एकपटक मात्र व्यवसायमा काम लगाएको व्यक्ति हो र निजले नियमित रूपमा त्यहाँ काम गर्ने अपेक्षा गरिएको हुँदैन । छोटकरीमा, दैनिक रूपमा ज्याला दिने गरी व्यवसायको काममा लगाइएको व्यक्तिलाई अस्थायी कामदार मान्नुपर्दछ ।*

*कुनै कामदार "स्थायी वा अस्थायी" के हो भनी छुट्टयाउन मुलतः उसले कुन शर्तमा काम गरेको छ भन्ने कुरालाई नै आधार मान्नुपर्दछ ।*

## ३.१ रोजगारीसम्बन्धी विवरण

**क्रमसंख्या (महल १)**

यो एक सिलसिलेवार नम्बर हो ।

**विवरण (महल २)**

यस महलमा व्यवसायमा रोजगारीका आधारमा संलग्न हुने विभिन्न तहका स्थायी तथा अस्थायी कर्मचारीहरुलाई क्रमैसँग लेखिएको छ । जुन निम्नप्रकार छन्:

***सञ्चालक/परिवारका सदस्य***

*कुनैपनि प्रकारको पारिश्रमिक नलिई हप्ताको **कम्तिमा १६ घण्टा** (साधारणतया काम गरिने समयको एक तिहाइ) काम गर्ने गरी सञ्चालक वा परिवारका सदस्यहरु व्यवसायको कार्यमा संलग्न भएका रहेछन् भने तिनीहरूको संख्यालाई लिङ्गअनुसार महिला, पुरुष छुट्टयाई सम्बन्धित महलमा लेख्नु पर्दछ ।*

***व्यवस्थापकीय/प्रशासकीय कर्मचारी***

*व्यवसायको प्रशासन, लेखा तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरू, व्यवसायको सुरक्षाका लागि राखिएका संस्थाबाटै तलब खाने सुरक्षा गार्ड आदि यसअन्तर्गत पर्दछन् । कर्मचारीको संख्या उल्लेख गर्दा लिङ्गअनुसार सम्बन्धित महलमा लेख्नु पर्दछ । तलब लिएर व्यावसायमा काम गर्ने परिवारका सदस्यसमेत यसैअन्तर्गत पर्दछन् ।*

***प्राविधिक, दक्ष उत्पादनशील कामदार***

*कुनै औपचारिक शिक्षा वा तालिम लिई प्रमाणपत्र प्राप्त गरेका कर्मचारीहरूलाई प्राविधिक कर्मचारीअन्तर्गत समावेश गर्नु पर्दछ । जस्तैः जे.टी., जे.टी.ए. आदि ।*

*दक्ष उत्पादनशील कामदार भन्नाले व्यवसायको उत्पादनको कार्यमा प्रत्यक्षरूपमा संलग्न कर्मचारी जसले सम्बन्धित व्यवसायमा गर्ने कार्यसम्बन्धी कुनै किसिमको तालिम अथवा राम्रो कार्य अनुभव हासिल गरेको*

*कामदार भन्ने बुझ्नु पर्दछ । जसले विरूवा मा पानि राख्ने, मल दिने, विषादी छर्ने, कटिङ्ग गर्ने जस्ता प्राविधिक कार्य गर्दछन् । यस्तो काम गर्ने कामदारलाई दक्ष उत्पादनशील कामदारअन्तर्गत राख्नु पर्दछ ।*

***अदक्ष उत्पादनशील कामदार***

*अदक्ष उत्पादनशील कामदार पनि व्यवसायको उत्पादन कार्यमा प्रत्यक्ष संलग्न कर्मचारी नै हुन्छन् तर यिनिहरुबाट व्यवसायमा प्राविधिक कार्यको अपेक्षा गरिएको हुँदैन र निजले व्यवसायमा खनजोत गर्ने पोली ब्याग तथा गमलाहरुमा माटो भर्ने, ओसारपसार, गोडमेल तथा लाए अराएको काम गर्ने गर्दछन् । यस्ता काम गर्ने कामदारहरुलाई अदक्ष उत्पादनशील कामदारअन्तर्गत राख्नु पर्दछ ।*

**स्थायी कामदार विवरण (महल ३, ४ र ५)**

यी महलअन्तर्गत महल २ मा रोजगारीका आधारमा संलग्न हुने विभिन्न तहका स्थायी कर्मचारीहरुको संख्यालाई लिङ्ग अनुसार पुरुष र महिला छुट्टयाई क्रमशः ३ र ४ महलमा लेख्नु पर्दछ । कर्मचारीले पाउने वार्षिक तलब, भत्ता तथा अन्य सुविधा एकमूष्ठ जोडी वार्षिक रकम महल ५ मा लेख्नु पर्दछ ।

वार्षिक तलब तथा अन्य सुविधाको रकमको श्रेस्ता नराखेको वा फेला नपरेको अवस्थामा कर्मचारीको संख्या र किसिमअनुसार तलब/ज्याला र अन्य सुविधाको मासिक वा भुक्तानीका लागि तोकिएको अवधिअनुसार रकम सोधेर सोको आधारमा वार्षिक तलब तथा अन्य सुविधाको रकम निकाल्नु पर्दछ ।

***तलब/ज्याला***

*"कर्मचारीको तलब" भन्नाले व्यवसायमा काम गरेबापत नियमानुसार पाउने नगद वा जिन्सी हो । कर्मचारीहरूले आफ्नो काम गरेको प्रत्येक महिना वा तोकेको अवधि बमोजिम निश्चित समयमा तलब/ज्याला पाउने हुन्छन । तलब/ज्यालाअन्तर्गत मासिकरूपमा नियमित रूपले उपलब्ध गराइएको तलब तथा ग्रेडको वार्षिक रकम, ओभरटाइम काम गरेबापत भुक्तानी गरेको रकम, कर्मचारीलाई सीधै उपलब्ध गराइएको कमिशन तथा टिप्स, महङ्गी भत्ता, बोनस आदि रकमहरू समावेश गर्नुपर्दछ ।*

***अन्य सुविधा***

*कर्मचारीहरूले काम गरेबापत तलब/ज्यालाको अतिरिक्त अन्य सुविधाहरू पनि पाउन सक्दछन् । कर्मचारीहरूलाई तलब/ज्यालामा समावेश नगरी दिइएका अन्य सबै नगदी वा जिन्सी भुक्तानीलाई सुविधामा समावेश गर्नुपर्दछ । जस्तैः कर्मचारीलाई दिइएको आवास सुविधा, लत्ताकपडा सुविधा, जिन्सी सुविधा, उपचार सुविधा, सवारी साधन सुविधा, कर्मचारी दुर्घटना बीमा, संचयकोषमा थप गरिएको रकम, उपदान, बच्चाहरूको लागि दिइएका शैक्षिक खर्च आदि सुविधाहरूबापत हुन आउने रकम अन्य सुविधाअन्तर्गत पर्दछन् ।*

**अस्थायी कामदार विवरण (महल ६, ७, ८ र ९)**

यी महल अन्तर्गत महल २ मा रोजगारीका आधारमा संलग्न हुने विभिन्न तहका अस्थायी कर्मचारीहरु (खासगरी प्राविधिक तथा दक्ष/अदक्ष उत्पादनशील कर्मचारी) को संख्यालाई लिङ्ग अनुसार पुरुष र महिला छुट्टयाई पुरुषको व्यक्ति दिन संख्या महल ६ मा र प्रतिदिन औषत ज्याला महल ७ मा लेख्नु पर्दछ । त्यसैगरी, महिला अस्थायी कामदारको व्यक्ति दिन संख्या महल ८ मा र प्रतिदिन औषत ज्याला महल ९ मा लेख्नु पर्दछ ।

*एक व्यक्तिले एक दिनमा गरेको कामलाई एक व्यक्तिदिन मानिन्छ । एक व्यक्तिले ४ दिन काम गरेको छ भने उसले काम गरेको व्यक्तिदिन सङ्ख्या ४ हुन्छ । तीन जनाले ५ दिन काम गरेको भए जम्मा व्यक्तिदिन सङ्ख्या १५ (३ X५=१५) हुन्छ । व्यक्तिदिन संख्या गणना गर्दा सामान्यतया ८ घण्टाको अवधिलाई एक व्यक्तिदिन मानी गणना गर्नुपर्दछ ।*

*मौसमअनुसार प्रतिदिनको ज्याला फरकफरक हुनसक्ने हुनाले वर्षभरिको दरभाउ हिसाब गरी औसत प्रतिदिनको ज्याला कति हुन आउँछ त्यही ज्यालालाई नै यहाँ लेख्नु पर्दछ ।*

# खण्ड ४: जग्गा र उपयोग

यस खण्डमा व्यवसायले चलनगरेको जग्गा, जग्गाको किसिम, कित्ता संख्या, जग्गाको उपयोग तथा उपभोग र सिँचाईसम्बन्धी विवरण संकलन गरिनेछ ।

**४.१ यस व्यवसायले चलनगरेको जग्गामा जम्मा कति कित्ताहरू छन् ?** ***(संख्या उल्लेख गर्ने)***

पुष्पखेतीका लागि व्यवसायले कति कित्ता जग्गा चलन गरेको छ सोको सङ्ख्या लेख्नु पर्दछ । कित्ता सङ्ख्या लेख्दा दुई अंकमा लेख्नु पर्दछ । उदाहरणका लागि कुनै पुष्प व्यवसायीले जम्मा ३ कित्ताहरू चलन गरेको भए जवाफ लेख्ने दुई कोठामा क्रमशः ० र ३ अर्थात् ०३ लेख्नुपर्दछ । कित्ताको अवधारणा तल दिइएको छ ।

| | |
|---|---|
| ० | ३ |

***कित्ता***

*यस सर्वेक्षणमा प्रयोग गरिएको कित्ता र साधारण बोलीचालीको भाषामा (नापीमा) प्रयोग गरिएको कित्ता एकै होइनन् । वरिपरि अरूको साँध भएर बीचमा रहेको जमिनको भागलाई कित्ता भनिन्छ । कहिलेकहीँ कित्ताको साँधमा खोला, जंगल, भीर, नदीजस्ता प्राकृतिक साँध पनि पर्न सक्दछन् । जग्गाको कित्ता र गह्रा फरकफरक कुरा हुन् । एकै चलनअन्तर्गत दुई वा दुईभन्दा बढी कित्ता हुनका लागि एक कित्ता भित्रका गह्रा अर्को कित्ता भित्रका गह्रासँग कतैतिरबाट जोडिएको हुनुहुँदैन ।* ***यदि व्यवसायीको स्वामित्वको जग्गा आफैले चलन गरेको र अरुको स्वामित्वको कुनै शर्तमा लिई व्यवसायीले चलन गरेको जग्गा एकै स्थानमा रही एक आपसमा जोडिन आएमा यी दुई प्रकारको स्वामित्व रहेको जग्गालाई अलग–अलग कित्ता मानी विवरण संकलन गर्नु पर्दछ ।***

**४.२ कित्ताअनुसार जग्गाको क्षेत्रफल एवं उपयोग**

यो प्रश्नमा सबैभन्दा पहिले जग्गाको क्षेत्रफलको एकाइ बिघा भए कोड १ मा र रोपनी भए कोड २ मा अनिवार्य रूपमा गोलोघेरा लगाउनु पर्दछ । **यहाँ, ध्यान दिनुपर्ने कुरा के छ भने एउटा कृषि-चलनअन्तर्गतका सबै कित्ताहरूको क्षेत्रफल एउटै एकाइमा लेख्नु पर्दछ ।** जग्गाको क्षेत्रफलको एकाइ खुलाउने ठाँउ यसपछि नभएकोले यसमा विशेष ध्यान दिनु पर्दछ । *अर्थात्, यहाँ बिघाको कोड "१" मा गोलोघेरा लगाएको भएमा यस पछि सोधिने सबै प्रश्नहरूमा जग्गाको क्षेत्रफलको एकाइ बिघामा उल्लेख भएको हुनु पर्दछ भने रोपनीको कोड "२" मा गोलोघेरा लगाएको भएमा सबै जग्गाको क्षेत्रफलको एकाइ रोपनी हुनु पर्दछ ।*

***क्षेत्रफलको एकाइ***

*नेपालमा क्षेत्रफल नाप्ने एकै किसिमको एकाइ छैन । प्रचलित नापका एकाइको संक्षेपमा वर्णन तल दिइएको छ ।*

***बिघा***

*बिघा क्षेत्रफल नापको एउटा एकाइ हो । यसको विभाजन बिघा, कट्ठा, धुरमा गरिन्छ । यो खास गरी तराई तथा भित्री मधेशका जिल्लाहरूमा प्रयोग हुन्छ । बिघालाई अन्य एकाइमा निम्नानुसार परिवर्तन गर्न सकिन्छ ।*

*१ बिघा = २७० x २७० वर्गफुट = ०.६७७३ हेक्टर*

*= १३.३१२६ रोपनी = २० कट्ठा = ४०० धुर*

*तराईका केही जिल्लामा बिघा पनि कच्ची र पक्कीमा भन्ने गरेको पाइन्छ । त्यस्तोमा पक्कीलाई नै लिनु पर्दछ । ६ कच्ची बिघा बराबर १ पक्की बिघा हुन्छ ।*

***रोपनी***

*जग्गाको क्षेत्रफल नाप्ने अर्को प्रचलित एकाइ रोपनी हो । यसको विभाजन रोपनी, आना, पैसामा गरिन्छ । यो खास गरी पहाडी र हिमाली जिल्लाहरूमा प्रयोग गरिन्छ । रोपनीलाई विभिन्न नाप एकाइमा रूपान्तर गर्न सकिन्छ । जस्तै :*

*१ रोपनी = ७४ x ७४ वर्गफुट = ०.०५०८७ हेक्टर*

*= ४ माटो मुरी = १६ आना = ६४ पैसा*

**कित्ताको नाम (महल १)**
व्यवसायको चलनमा रहेको सबै जग्गाको कित्ताहरूको नाम नछुटाई क्रमैसँग लेख्दै जानु पर्दछ । कित्ताको नाम भन्नाले स्थानीय बोलचाल वा चलनचल्तीको भाषामा उक्त जग्गालाई ब्यवसायीले के नामले चिन्दछन् सोही नाम लेख्नुपर्छ । जस्तै : घरबारी, खोलाबारी, ढिकमुनि आदि ।

**कित्ताको क्षेत्रफल (महल २, ३, ४)**
यी महलमा प्रश्न नं ४.१ मा उल्लिखित सबै कित्ताको क्षेत्रफल कित्ताअनुसार छुट्टा छुट्टै बिघा/कट्ठा/धुर वा रोपनी/आना/पैसा मा लेख्नु पर्दछ । यहाँ उल्लेख हुने क्षेत्रफल त्यस कित्ताको सम्पूर्ण क्षेत्रफल हो जसमा पूर्ण वा आंशिकरुपमा पुष्पखेती गरिनुका साथै कुनै भौतिक संरचना पनि निर्माण भएको हुन सक्दछ ।

**पुष्पखेती गरेको क्षेत्रफल (महल ५, ६, ७)**
यी महलमा त्यस कित्ताको महल २, ३ र ४ मा उल्लिखिते क्षेत्रफल मध्ये कति क्षेत्रफलमा पुष्पखेती गरिएको छ सो क्षेत्रफल बिघा/कट्ठा/धुर वा रोपनी/आना/पैसा लेख्नु पर्दछ । यहाँ ध्यान पुऱ्याउनु पर्ने कुरा के छ भने यी महलमा उल्लेख हुने क्षेत्रफल पुष्पखेती गरिएको क्षेत्रफल मात्र हुने हुँदा कुनै कित्ता आंशिकरुपमा खाली छोडीएको वा कुनै भौतिक संरचना निर्माण गरिएको भए कित्ताको क्षेत्रफलमा खाली छोडीएको वा भौतिक संरचना निर्माण गरिएको क्षेत्रफल घटाई पुष्पखेती गरिएको क्षेत्रफलमात्र लेख्नु पर्दछ । ***अतः पुष्पखेती गरिएको जग्गाको क्षेत्रफल कित्ताको क्षेत्रफलभन्दा बढी हुनु हुँदैन ।***

***जम्मा क्षेत्रफलः***
*महल २, ३, ४ र महल ५, ६, ७ मा व्यवसायले चलन गरेको प्रत्येक कित्ताको क्षेत्रफल छुट्टाछुट्टै लेखिसकेपछि पुछारको जम्मा क्षेत्रफल लेखिएको हरफमा कित्ताहरूको क्षेत्रफलको जोड तथा पुष्पखेती गरेको क्षेत्रफलको जोड लेख्नु पर्दछ ।* ***पुष्पखेती गरिएको जग्गाको क्षेत्रफल कित्ताको क्षेत्रफलभन्दा बढी हुनु हुँदैन ।***

**सिँचाइ सुविधा (महल ८)**
यस महलमा विवरण भर्दा महल १ मा उल्लेखित कित्ता अनुसार सिँचाई सुविधा उपलब्ध भए नभएको सोधी, उपलब्ध भए कोड "१" र नभए कोड "२" लेख्नु पर्दछ ।

***सिँचाइ***
*बोट बिरूवालाई बढाउने उद्देश्यले थप श्रम वा साधन लगाई पानी दिने कार्यलाई सिँचाइ भनिन्छ । सिँचाइमा वर्षा र बाढीबाट आएको पानीलाई लिइँदैन तर यस्तो बाढीको पानी कतै जम्मा गरी व्यवसायमा प्रयोग गरिएमा सिँचाइ गरिएको मानिन्छ । सिँचाइ हो कि होइन भनी छुट्ट्याउन व्यवसायमा सिँचाइ गर्ने उद्देश्यले केही मेहनत वा साधनको प्रयोग भएको छ छैन भन्ने कुरामा ध्यान दिनुपर्छ ।*

**सिँचाइको स्रोत (महल ९)**
सिँचाइको स्रोत भन्नाले सिँचाइको लागि पानी कहाँबाट ल्याइएको हो सो स्रोतलाई जनाउँछ । यस महलमा उक्त कित्ता सिँचित हो भने कुन स्रोतबाट सिँचाई गरिन्छ सो स्रोतको कोड लेख्नु पर्दछ । सिँचाईका स्रोतका कोडहरु यसै तालिकाको दायाँपट्टिको दोश्रो बक्समा दिइएको छ ।

***ट्युवबेल/बोरिङ्ग***
*जमिन मुनिको पानीलाई ट्युबवेल वा बोरिङ गरी सिँचाइ गरिएकोलाई यसअन्तर्गत राख्नुपर्छ । कम गहिराइमा रहेको जमिनमुनिको पानी पाइप जडान गरी जमिनमाथि ल्याएको भए त्यसलाई स्यालो टयुबवेल मानिन्छ । जमिनमुनि पानीको स्थायी स्रोतसम्म पठाएर पानी निकाल्ने साधनलाई डिप ट्युबवेल भनिन्छ । यी दुवै प्रकारका स्रोत यसमा समावेश गर्नु पर्दछ ।*

***इनार/कुवा/पोखरी***

*इनार/कुवा/पोखरीको पानीलाई कुनै साधन(जस्तैः मोटर, पम्पसेट) को सहायताले तानी पाइपद्धारा वा सानो कुलेसो बनाई सिँचाइ गरेको पाइन्छ । त्यसरी गरिएको सिँचाइलाई यसअर्न्तगत राख्नु पर्दछ । कतै यी स्रोतबाट पानी मानिसले बाल्टीमा डोरीको सहायताले तानी बोट विरूवामा राख्नेसमेत गरेको पाइन्छ ।*

***धारा***

*कतै कतै पानीका अन्य स्रोतको अभावमा खानेपानीका लागि वितरण गरिएको धाराको पानीलाई पनि सिँचाइमा प्रयोग गरेको पाइन्छ । त्यसरी गरिएको सिँचाइलाई यसअर्न्तगत राख्नु पर्दछ ।*

***कुलो***

*पानीको कुनै स्रोत नदी/तलाउ आदिबाट पानी जाने बाटो बनाई जग्गामा पानीलगि गरिएको सिँचाइको स्रोतलाई कुलो भनिन्छ । त्यसरी गरिएको सिँचाइलाई यसअर्न्तगत राख्नु पर्दछ ।*

***अन्य(..............)***

*माथीका स्रोत (टुबवेल, बोरिङ्ग, इनार, धारा र कुलो) बाहेक अन्य स्रोतहरू (जस्तैः प्राकृतिक बहाव, मूलको पानी) बाट पनि सिँचाइ गर्ने गरिएको भए यसअर्न्तगत राख्नु पर्दछ र स्रोत खुलाउनु पर्दछ ।*

**जग्गाको उपयोग (महल नं. १०)**

प्रश्नावलीको यस महलमा कित्ताअनुसार जग्गाको उपयोगको कोड लेख्नु पर्दछ । जग्गाको उपयोगको कोड यसै तालिकाको दाँया तेस्रो बक्समा दिइएको छ । व्यवसायिक पुष्पखेती व्यवसायको लागि परिवारले चलन गरेको जम्मा जग्गालाई उपयोगअनुसार निम्न वर्गमा विभाजन गरिएको छ ।

***मौसमी फूल***

*मौसमी फूल भन्नाले* ***<u>१ वर्ष भित्र</u>*** *आफ्नो जीवनचक्र पुरा गरि बोटै समेत मरेर (नष्ट भएर) जाने फूलका विरूवाहरुलाई जनाउँदछ । जस्तैः सयपत्री, जिनीया, आएस्टर, डाहलिया, सालभिया, सनफ्लावर, एम्पेसन, बिगुनिया, पोर्चुलाका, पिटुनिया सिंगल, पिटुनिया डबल, प्यान्जी, भर्विना, डायन्थस, बागमुखी, कार्नेशन, क्याल्सेरिया, डेल्फोनियम, गजनिया, सिनेरिया, सिजान्थस, सिलोसिया, गैलार्डिया, असर्फी, मिसिनब्रायनथस, स्टक, फ्लाक्स, रानन कुलस आदि ।*

***बहुबर्षे फूल***

*बहुबर्षे फूल भन्नाले जसको* ***<u>जीवनचक्र १ बर्ष भन्दा बढि</u>*** *समय सम्म रहि सोही बोटबाट निरन्तर फूल फुल्ने फूलका विरूवाहरुलाई जनाउँदछ । जस्तैः अर्किड, गुलाफ, गोदावरी, इन्द्रकमल, निलजाई, एजेलिया, क्यामेलिया, जाई, जुई, चमेली, बगमवेली, पारिजात, गुरास, लालुपाते आदि ।*

***आलांकारिक बोट विरूवा***

*घरभित्र वा वाहिर सजावट तथा हरियाली गर्ने प्रयोजनका लागि प्रयोग हुने* ***फूल नफुल्ने १ वर्ष भन्दा बढि*** *जीवनचक्र हुने बोट विरूवाहरुलाई जनाउँदछ । जस्तैः धुपि, समी, पाम, ड्रेसिना, म्यापल आदि ।*

***कट् फ्लावर***

*कट् फ्लावर भन्नाले जीवनचक्र* ***<u>१ बर्ष भन्दा बढि</u>*** *समयसम्म रही निरन्तर फूल फुल्ने फूलका बोट विरूवाबाट उत्पादित वा काटेर निकालिएको हाँगा सहितको फूललाई जनाउँदछ । जस्तैः गुलाफ, गोदावरी, कार्नेशन, जर्वेरा, अर्किड आदि ।*

***लुज फ्लावर***

*लुज फलावर भन्नाले **<u>१ वर्ष भित्र</u>** आफ्नो जीवनचक्र पुरा गरि बोटै समेत मरेर जाने फूलका विरूवा बाट उत्पादित वा काटेर निकालिएको हागा विनाको फूललाई जनाउँदछ । जस्तैः सयपत्री, मखमली, असर्फी, लाहुरे आदि । लुज फ्लावर विशेषगरी मठ मन्दिरमा पुजाआजाका लागि आवश्यक फूल तथा मालाको आवश्यकता पूर्तिका लागि उत्पादन गरिन्छ ।*

***बल्ब, राईजोम तथा ट्युवर***

*बल्ब, राईजोम तथा टयुवर भन्नाले **<u>१ वर्ष वा सो भन्दा बढी</u>** वर्ष भित्र आफ्नो जीवनचक्र रहि फूल उत्पादन गर्ने गाना, गोला तथा जराहरुलाई जनाउँदछ । जस्तैः ग्लाडुलसको बल्ब, लिलियमको बल्ब, ट्युवरोजको बल्ब, ग्लोरिसा, हेमन्थस, लाइकोरिस, इचिमिनस इत्यादि । यी बल्ब, राइजोम तथा ट्युबर बीउका लागि उत्पादन गरी पुष्पखेतीगर्ने व्यावसायीलाई बिक्री गरिन्छ ।*

***गार्डेन दुबो***

*गार्डेन दुबो भन्नाले गार्डेनिङ्ग तथा ल्याण्डस्केपिङ्गमा हरियाली तथा सजावट प्रयोजनका लागि प्रयोग गरिने १ वर्ष भन्दा बढि जीवनचक्र हुने फूल नफुल्ने घाँसका विरूवाहरुलाई जनाउँदछ ।*

***अन्य जग्गा***

*अन्यत्र कतै उल्लेख नगरिएका यस व्यवसाय अन्तर्गतका उत्पादक, अनुत्पादक सबै जग्गा पर्दछन् । व्यवसायको कार्यालयका लागि प्रयोग हुने भवन वा घर आँगनले चर्चेको जग्गा पनि यसैअन्तर्गत समावेश हुन्छ ।*

**जग्गाको स्वामित्व (महल ११)**

व्यवसायले उपयोग गरेको जग्गा मध्ये कति जग्गा व्यवसाय सञ्चालक परिवारको आफ्नो हकको आफैले चलन गरेको र कति अरूको हकको कुनै शर्तमा लिई व्यवसायले चलन गरेको रहेछ भन्ने जानकारी यस महलबाट पाउन सकिन्छ । एउटा व्यवसाय एक वा सोभन्दा बढी प्रकारको उपभोगअन्तर्गत सञ्चालन गरिएको हुन सक्छ । *<u>जग्गाको उपभोगसम्बन्धी तथ्याङ्क एउटै सन्दर्भ समयको (गणनाको दिनको) सङ्कलन गर्नु पर्दछ ।</u>*

प्रश्नावलीको यस महलमा जग्गाको उपभोग कित्ताअनुसार छुट्टाछुट्टै लेख्नु पर्दछ । जग्गाको उपभोगलाई निम्नानुसार वर्गिकरण गरिएको छ ।

***आफ्नो हकको जग्गा आफैले चलन गरेको***

*आफ्नो हकको आफैले चलन गरेको जग्गा भनेको व्यवसाय गरिएको जग्गा ब्यवसाय सञ्चालक परिवारको आफ्नो स्वामित्वमा रहेको र उपभोग गर्ने सम्पूर्ण अधिकार समेत आफैमा निहित रहेको जग्गा हो । कसैको पनि कानुनी स्वामित्वमा नरहेको भनी स्पष्ट भएको र कुनै व्यवसायले लामो समय देखि (२० वर्ष देखि) बिना विवाद उपभोग गरिरहेको जग्गालाई उक्त व्यवसाय सञ्चालक परिवारको स्वामित्वमा नै रहेको मानी यसैअन्तर्गत राख्नु पर्दछ ।*

***अरुको हकको जग्गा हाल व्यवसायले चलन गरेको***

*यसमा अरूको स्वामित्वमा रहेको तर हाल व्यवसायले कुनै शर्तमा लिई उपभोग गरेको जग्गा पर्दछ । सामान्यतया ठेकिएको नगद वा जिन्सी तिर्ने शर्तमा व्यवसायले जग्गा लिई उपभोग गरेको पाईन्छ ।*

***अन्य प्रकारको उपभोगअन्तर्गत चलन गरेको जग्गा***

*माथि उल्लेख गरिएका दुई प्रकारका शीर्षकअन्तर्गत उपभोग गरिएका जग्गाबाहेक चलन गरिएको अन्य जग्गा यसमा पर्दछ । स्वामित्वको विवादमा रही सोको निर्णय नहुन्जेल तात्कालिक व्यवस्थाको रूपमा चलन गर्न पाएको (जस्तै, उत्तराधिकार र स्वामित्वमा नरहेको कुरा स्पष्ट भएको) वा अतिक्रमण गरेर चलन गरेको सरकारी जग्गा पनि यसमा पर्छ ।*

कोड यसै तालिकाको दाँया पट्टी चौथो अर्थात अन्तिम बक्समा दिईएको छ ।

# खण्ड ५: उत्पादन तथा बिक्री

**५.१ मौसमी फूलका विरूवाको उत्पादन तथा बिक्री परिमाण**
यो प्रश्नको तालिकामा कित्ताअनुसार विभिन्न प्रकारका मौसमी फूलका विरूवाहरुको उत्पादन तथा बिक्रीसम्बन्धी विवरण संकलन गरिन्छ। यो तालिका निम्न बमोजिम भर्नु पर्दछ।

**क्रम संख्या( महल १)**
यस महलमा दिएको सङ्ख्या प्रत्येक हरफको क्रमसङ्ख्या हो।

**मौसमी फूलको नाम (महल २)**
मौसमी फूलको नाम लेख्दा सबभन्दा बढी संख्यामा भएका विरूवाहरुको नाम पहिले लेखी अरु विरूवाहरुको नाम क्रमैसँग लेख्नु पर्दछ। विभिन्न मौसमी फूलको नाम र कोड यसै निर्देशिकाको **अनुसूची ४** मा दिइएको छ। *यस महलमा व्यवसायीले उत्पादन गरेका एघार (११) प्रकारका मौसमी फूलका जातअनुसार छुट्टा छुट्टै विवरण लिन सकिन्छ। यदि व्यवसायीले एघार (११) भन्दा बढी प्रकारका मौसमी फूलहरु उत्पादन गर्ने भएमा प्रमुख ११ को छुट्टा छुट्टै विवरण भरी बाँकी सबैको विवरण एकमूष्ठ अन्यअन्तर्गत लिनु पर्दछ।*

***मौसमी फूल***
*मौसमी फूल भन्नाले **१ वर्ष भित्र** आफ्नो जीवनचक्र पूरागरी अथवा फूल फूलेपछी बोटै समेत मरेर जाने फूलका विरूवा हरुलाई जनाउँदछ। जस्तै सयपत्री, जिनीया, आएस्टर, डाहलिया, सालभिया, सनफ्लावर, एम्पेसन, बिगुनिया, पोर्चुलाका, पिटुनिया सिंगल, पिटुनिया डबल, प्यान्जी, भर्विना, डायन्थस, बागमुखी, कार्नेशन, क्याल्सेरिया, डेल्फोनियम, गजनिया, सिनेरिया, सिजान्थस, सिलोसिया, गैलार्डिया, असर्फी, मिसिनब्रायनथस, स्टक, फ्लाक्स, रानन कुलस आदि।*

**मौसमी फूलको कोड (महल ३)**
यस महलमा महल-२ मा उल्लेख भए बमोजिमको मौसमी फूलको जातअनुसार यसै निर्देशिकाको **अनुसूची ४** मा दिएको कोड लेख्नु पर्दछ।

**मौसमी फूलको उत्पादन संख्या (महल ४)**
यहाँ महल-२ मा लेखिएको सन्दर्भ अवधिमा मौसमी फूलको जम्मा विरूवा उत्पादन संख्यामा लेख्नु पर्दछ अर्थात् सानो तथा ठूलो पोलीब्याग र गमलामा बिक्रीकालागि तयार गरिएको जम्मा बोट संख्या लेख्नु पर्दछ।

**विरूवा बिक्री (महल ५ देखि १०)**
सन्दर्भ अवधिमा, व्यवसायीले फूलका विरूवाहरुको बिक्री सानो तथा ठूलो पोलीब्याग र गमलामा गरेको हुन्छ। साथै, बिक्री गरेका विरूवाहरुको प्रति एकाई मूल्य पनि फरक फरक हुन्छ। त्यसैले, सानो पोलीब्यागको फूलका विरूवाहरुको बिक्री संख्या महल ५ मा र प्रति विरूवा मूल्य महल ६ मा लेख्नु पर्दछ। त्यसैगरी, ठूलो पोलीब्यागको फूलका विरूवाहरुको बिक्री संख्या महल ७ मा र प्रति विरूवा मूल्य महल ८ मा, गमलाको फूलका विरूवाहरुको बिक्री संख्या महल ९ मा र प्रति विरूवा गमलासहितको मूल्य महल १० मा लेख्नु पर्दछ।
सामान्यतया विरूवा राखिने साना र ठूला पोलिब्याग सबै व्यवसायीहरुसँग एकै साइजका हुने गरेतापनि गमलाको साइज भने विभिन्न हुन सक्छ र गमलाको साइजअनुसार मूल्य पनि फरक हुन सक्छ। अत: मूल्य लेख्दा यी कुरामा विचार पुऱ्याउनु पर्ने हुन्छ।

**जम्मा बिक्री मूल्य रु. (महल ११)**
यस महलमा सन्दर्भ अवधिमा सानो, ठूलो पोलीब्याग र गमलामा बिक्री गरिएका विरूवाहरुको जम्मा बिक्री मूल्य एकमूष्ठ लेख्नु पर्दछ। जम्मा बिक्री मूल्य लेख्दा बिक्री गरिएको विरूवा संख्यालाई प्रति विरूवा मूल्यले गुणन गरी अर्थात महल नं. ५ र महल नं. ६ को गुणनफल, महल नं. ७ र महल नं. ८ को गुणनफल र महल नं. ९ र महल नं. १० को गुणनफल रकमको जोड गरी जम्मा रकम महल ११ लेख्नु पर्दछ।

**बिक्री नभएर वा अन्य कारणले नष्ट भएको विरूवा संख्या (महल १२)**
मौसमी फूलका विरूवाहरु बिक्रीका लागि साना र ठूला पोलीब्यागमा तथा गमलामा राखी तयार गरिए पश्चात निश्चित समयसम्म बिक्री नभएमा ती छिप्पिन जाने र फूल फुल्न थाल्ने हुन्छ । यसरी सन्दर्भ अवधिमा उत्पादन गरिएका सबै विरूवाहरु बिक्री नभएर वा अन्य कारणले नष्ट भएर जान्छ । ती नष्ट भएर गएका विरूवाहरुको जम्मा संख्या महल १२ लेख्नु पर्दछ ।

**बिक्री नभएर वा अन्य कारणले नष्ट भएको विरूवाको मूल्य रु. (महल १३)**
बिक्री नभएर वा अन्य कारणले नष्ट भएका मौसमी फूलका विरूवाहरुको बिक्री मूल्य साइजअनुसार फरक फरक हुन सक्दछन् । सन्दर्भ अवधिमा नष्ट भएका मौसमी फूलहरुको जम्मा संख्यालाई औषत मूल्यले गुणन गरी आएको जम्मा मूल्य महल १३ मा लेख्नु पर्दछ ।

**५.२ बहुबर्षे फूलका विरूवाको उत्पादन तथा बिक्री परिमाण**
यो तालिकामा जातअनुसार बहुबर्षे फूलका विरूवा को उत्पादन तथा बिक्रीसम्बन्धी विवरण उल्लेख गरिन्छ । यो तालिका निम्न बमोजिम भर्नु पर्दछ ।

**क्रम संख्या( महल १)**
यस महलमा दिएको सङ्ख्या प्रत्येक हरफको क्रमसङ्ख्या हो ।

**बहुबर्षे फूलको नाम (महल २)**
बहुबर्षे फूलको जातअनुसारको नाम लेख्नु पर्दछ । *यस महलमा व्यवसायीले उत्पादन गरेका एघार (११) प्रकारका बहुवर्षे फूलका जातअनुसार छुट्टा छुट्टै विवरण लिन सकिन्छ । यदि व्यवसायीले एघार (११) भन्दा बढी प्रकारका बहुवर्षे फूलहरु उत्पादन गर्ने भएमा प्रमुख ११ को छुट्टा छुट्टै विवरण भरी बाँकी सबैको विवरण एकमूष्ठ अन्यअन्तर्गत लिनु पर्दछ ।*

> ***बहुबर्षे फूल***
> *बहुबर्षे फूल भन्नाले जसको **जीवनचक्र १ बर्ष भन्दा बढि समय**सम्म रहि सोही बोटबाट निरन्तर फूल फुल्ने फूलका विरूवाहरुलाई जनाउँदछ । जस्तैः अर्किड, गुलाफ, गोदावरी, इन्द्रकमल, निलजाई, एजेलिया, क्यामेलिया, जाई, जुई, चमेली, बगमवेली, पारिजात, गुरास, लालुपाते आदि ।*

**बहुबर्षे फूलको कोड (महल ३)**
यस महलमा महल-२ मा उल्लेख भए बमोजिमको बहुबर्षे फूलको जातअनुसार यसै निर्देशिकाको **अनुसूची ४** मा दिइएको कोड लेख्नु पर्दछ ।

**बहुबर्षे फूलका विरूवा उत्पादन संख्या (महल ४)**
यस महलमा महल-२ मा लेखिएका बहुबर्षे फूलको जातअनुसार जम्मा विरूवा उत्पादन संख्या लेख्नु पर्दछ । यसरी विरुवा संख्या लेख्दा सन्दर्भ अवधिभन्दा अघिल्लो वर्ष उत्पादन भई मौज्दातमा रहेका विरुवा संख्यालाई समेत जोडी जम्मा उत्पादन संख्या लेख्नु पर्दछ ।

**विरूवा बिक्री (महल ५ देखि ८)**
बहुवर्षे फूलका विरूवा पनि पोलिव्याग र गमलामा हुर्काई बिक्री गर्ने गरिन्छ । साधारणतया यी विरूवाहरुलाई एकै साइजका पोलिव्याग वा गमलामा नै बिक्रीकालागि तयार गरिएता पनि कुनै खास जातको विरूवालाई ठूला खालका गमलाको आवश्यकता पर्न सक्छ । यी विरूवा हरुको मूल्य पोलीब्याग तथा गमलाको आकार प्रकारभन्दा पनि विरूवा को उमेर र उचाई अनुसार कम बेशी हुने गर्दछ । यहाँ प्रश्नावली भर्न सजिलो होस भनी विरुवाको उमेर र उचाईअनुसार सानो र ठूलोमा विभाजन नगरी पोलिब्यागमा र गमलामा राखिएको विरुवा संख्या र यिनको प्रति एकाइ विरुवा मूल्यसम्बन्धी विवरण लिइन्छ । अतः प्रति विरुवा औषत मूल्य लिदाँ यी कुरामा पनि विचार पुऱ्याउनु उपयुक्त हुन्छ ।

अतः यहाँ विरूवा बिक्रीसम्बन्धी विवरण लिदाँ पोलिव्यागअन्तर्गतको संख्या महल ५ र प्रति विरूवा मूल्य महल ६ मा लेख्नु पर्दछ । त्यसैगरी, गमलाअन्तर्गत गमलामा बिक्री गरिएको विरूवा संख्या महल ७ मा र प्रति विरूवा मूल्य महल ८ मा लेख्नु पर्दछ ।

**जम्मा बिक्री मूल्य रु. (महल ९)**
यस महलमा सन्दर्भ अवधिमा पोलिव्याग तथा गमलामा राखी बिक्री गरिएका साना ठूला विरूवाहरुको एकमूष्ठ जम्मा बिक्री मूल्य लेख्नु पर्दछ । जम्मा बिक्री मूल्य लेख्दा महल नं. ५ र महल नं. ६ को गुणनफल, महल नं. ७ र महल नं. ८ को गुणनफल रकम जोड गरी जम्मा रकमको महल ९ मा लेख्नु पर्दछ ।

**मौज्दातमा रहेको विरूवा संख्या (महल १०)**
सन्दर्भ अवधिमा व्यवसायीले उत्पादन गरेका सबै विरूवाहरु बिक्री नभएर मौज्दात पनि रहेको हुन्छ । यसरी मौज्दातमा रहेका विरूवाहरुको जातअनुसार ठूला साना सबैको जोड गरी जम्मा संख्या एकमूष्ठ महल १४ लेख्नु पर्दछ ।

**मौज्दातमा रहेका विरूवाको मूल्य रु. (महल ११)**
यस महलमा महल १० मा उल्लेखित जातअनुसार मौज्दातमा रहेका जम्मा विरूवाहरुको एकमूष्ठ मूल्य लेख्नु पर्दछ । यहाँ, पोलिव्याग तथा गमलामा मौज्दात रहेका साना ठूला सबै विरूवाहरुको संख्याको एकमूष्ठ मूल्य लेख्नुपर्ने हुदाँ अगाडिमा महलमा लेखिएको मूल्य समेतलाई ध्यानपुऱ्याई विरूवा संख्याको आधारमा जम्मा मूल्य लेख्नु पर्दछ ।

**५.३ आलंकारिक फूलका विरूवाको उत्पादन तथा बिक्री परिमाण**
यो तालिकामा आलांकारिक बोट विरूवाको उत्पादन तथा बिक्रीसम्बन्धी विवरण संकलन गरिन्छ । यो तालिका निम्न बमोजिम भर्नु पर्दछ ।

**क्रम संख्या( महल १)**
यस महलमा दिएको सङ्ख्या प्रत्येक हरफको क्रमसङ्ख्या हो ।

**आलंकारिक फूलका विरूवाको नाम (महल २)**
यस महलमा आलांकारिक बोट विरूवा को जातअनुसारको नाम लेख्नु पर्दछ। *यस महलमा व्यवसायीले उत्पादन गरेका एघार (११) प्रकारका आलंकारिक फूलका विरुवाको जातअनुसार छुट्टा छुट्टै विवरण लिन सकिन्छ । यदि व्यवसायीले एघार (११) भन्दा बढी प्रकारका आलंकारिक फूलका विरुवाको उत्पादन गर्ने भएमा प्रमुख ११ को छुट्टा छुट्टै विवरण भरी बाँकी सबैको विवरण एकमूष्ठ अन्यअन्तर्गत लिनु पर्दछ ।*

> ***आलंकारिक फूल***
> *आलंकारिक फूल भन्नाले सजावत तथा हरियाली प्रयोजनका लागि प्रयोग हुने फूल नफुल्ने १ वर्ष भन्दा बढि जीवनचक्र हुने बोट विरूवाहरुलाई जनाउँदछ । जस्तैः धुपिका, समी, पाम, ड्रेसिना, म्यापल आदि ।*

**आलंकारिक फूलका विरूवाको कोड (महल ३)**
यस महलमा महल-२ मा उल्लेख भए बमोजिमको आलांकारिक बोट विरूवाको जातअनुसार यसै निर्देशिकाको अनुसूची ४ मा दिइएको कोड लेख्नु पर्दछ ।

**आलांकारिक फूलका विरूवा उत्पादन संख्या (महल ४)**
महल-२ मा लेखिएका आलांकारिक बोटविरूवा को जातअनुसार उत्पादित जम्मा बोट संख्या यस महलमा लेख्नु पर्दछ। यसरी विरुवा संख्या लेख्दा सन्दर्भ अवधिभन्दा अघिल्लो वर्ष उत्पादन भई मौज्दातमा रहेका विरुवा संख्यालाई समेत जोडी जम्मा उत्पादन संख्या लेख्नु पर्दछ ।

**विरूवा बिक्री (महल ५ देखि ८)**
आलंकारिक फूलका विरूवा पनि व्यवसायीले बिक्रीकोलागि पोलिव्याग वा गमलामा तयार गरेका हुन्छन् । यी विरूवाहरुको मूल्य पनि जात विशेष र उमेर तथा उचाईअनुसार फरक फरक हुन्छ । यिनलाई पनि बहुवर्षे फूलका बोटलाई जस्तै साना र ठूला विरूवा मा विभाजन गरिएको हुन्छ ।

यी महलमा विवरण भर्दा पोलिव्यागअन्तर्गतका विरूवा संख्या महल ५ मा र प्रति विरूवा मूल्य महल ६ मा लेख्नु पर्दछ । त्यसैगरी, गमलाअन्तर्गतका विरूवा संख्या महल ७ मा र प्रति विरूवा मूल्य महल ८ मा लेख्नु पर्दछ । यहाँ, प्रति विरूवा मूल्य लिदाँ विभिन्न समयमा बिक्री गरिएका विरूवाको औषत मूल्य लिनु पर्दछ ।

**जम्मा बिक्री मूल्य रु. (महल ९)**
यस महलमा सन्दर्भ अवधिमा पोलिव्याग वा गमलामा बिक्री गरिएका विरूवाहरुको एकमूष्ठ जम्मा बिक्री मूल्य लेख्नु पर्दछ । जम्मा बिक्री मूल्य लेख्दा महल नं. ५ र महल नं. ६ को गुणनफल, महल नं. ७ र महल नं. ८ को गुणनफल जोड गरी जम्मा रकम यस महलमा लेख्नु पर्दछ ।

**मौज्दातमा रहेको विरूवा संख्या (महल १०)**
सन्दर्भ अवधिमा व्यवसायीले उत्पादन गरेका सबै विरूवाहरु बिक्री नभएर मौज्दात रहेको हुन सक्दछ । पोलीब्याग वा गमलामा मौज्दात रहेका सबै विरूवाहरुको एकमूष्ठ संख्या विरूवाको जातअनुसार महल १४ मा लेख्नु पर्दछ ।

**मौज्दातमा रहेका विरूवाको मूल्य रु. (महल ११)**
यस महलमा महल १० मा उल्लिखित जातअनुसार मौज्दातमा रहेका जम्मा विरूवाहरुको एकमुष्ट मूल्य लेख्नु पर्दछ । यहाँ, पोलीब्याग वा गमलामा मौज्दात रहेका सबै विरूवाहरुको मूल्य एकमूष्ठ लेख्नु पर्ने हुदाँ मूल्य निर्धारण गर्दा विषेश सावधानी पुऱ्याउनु पर्ने हुन्छ ।

**५.४ कट् फ्लावर लगाएको क्षेत्रफल, उत्पादन तथा बिक्री परिमाण**
यो तालिकामा कट् फ्लावर लगाएको क्षेत्रफल, उत्पादन तथा बिक्री परिमाणसम्बन्धी विवरण संकलन गरिन्छ । यो तालिका निम्न बमोजिम भर्नु पर्दछ ।

**क्रम संख्या( महल १)**
यस महलमा दिएको सङ्ख्या प्रत्येक हरफको क्रमसङ्ख्या हो ।

**कट् फ्लावरको नाम (महल २)**
यस महलमा जातअनुसार कट् फ्लावरको नाम लेख्नु पर्दछ । *यस महलमा व्यवसायीले उत्पादन गरेका एघार (११) प्रकारका कट् फ्लावरको जातअनुसार छुट्टा छुट्टै विवरण लिन सकिन्छ । यदि व्यवसायीले एघार (११) भन्दा बढी प्रकारका कट् फ्लावरको उत्पादन गर्ने भएमा प्रमुख ११ को छुट्टा छुट्टै विवरण भरी बाँकी सबैको विवरण एकमूष्ठ अन्यअन्तर्गत लिनु पर्दछ ।*

> ***कट् फ्लावर***
> *कट फलावर भन्नाले जिवन चक्र १ बर्षभन्दा बढि समय सम्म रहि निरन्तर फूल फुल्ने फूलका बोट विरूवाबाट उत्पादित वा काटेर निकालिएको हाँगा सहितको फूललाई जनाउँदछ । जस्तैः गुलाफ, गोदावरी, कार्नेशन, जर्वेरा, ग्लाडुलस, अर्किड आदि ।*

कट् फ्लावर होटल, कार्यालय, पार्टी प्यालेसहरुमा सजावटकालागि प्रयोग गर्नुका साथै सामाजिक कार्यहरुमा शुभकामना आदान प्रदानका लागि प्रयोग गरिने फूलका गुच्छा तथा बुकेहरु बनाउन प्रयोग हुन्छ ।

**कट् फ्लावरको कोड (महल ३)**
यस महलमा महल-२ मा उल्लेख भए बमोजिमको कट् फ्लावरका विरूवाको जातअनुसार यसै निर्देशिकाको अनुसूची ४ मा दिइएको कोड लेख्नु पर्दछ ।

**कट् फ्लावर लगाएको क्षेत्रफल (महल ४, ५, ६)**
यी महलहरुमा कट् फ्लावर लगाएको क्षेत्रफल जातअनुसार विघा–कट्ठा–धुर वा रोपनी–आना–पैसामा लेख्नु पर्दछ । यदि एउटै जग्गामा कट् फ्लावर बर्षमा एक पटकभन्दा बढी लगाएको छ भने जति पटक लगाएको हो सो क्षेत्रफल जोडी लेख्नु पर्दछ ।

**उत्पादन गरेको स्टिक संख्या (महल ७)**
सन्दर्भ अवधिमा महल २ मा उल्लेखित जातअनुसार उत्पादित कट् फ्लावरको जम्मा स्टिक संख्या यस महलमा लेख्नु पर्दछ ।

**बिक्री गरेको स्टिक संख्या (महल ८)**
सन्दर्भ अवधिमा महल २ मा उल्लेखित जातअनुसार बिक्री गरिएको कट् फ्लावरको जम्मा स्टिक संख्या यस महलमा लेख्नु पर्दछ ।

**प्रति स्टिक मूल्य (महल ९)**
सन्दर्भ अवधिमा महल २ मा उल्लेखित जातअनुसार बिक्री गरिएको कट् फ्लावरको मूल्य मौसम तथा मागअनुसार फरक फरक हुन सक्दछ । यसरी मूल्य फरक फरक भएमा विभिन्न समयमा बिक्री गरिएका स्टिकहरुको औषत मूल्य कायम गरी प्रति स्टिक मूल्य यस महलमा लेख्नु पर्दछ ।

**जम्मा बिक्री मूल्य रु. (महल १०)**
सन्दर्भ अवधिमा बिक्री भएका कट् फ्लावरका जातअनुसारको जम्मा बिक्री मूल्य यस महलमा लेख्नु पर्दछ । जम्मा बिक्री मूल्य लेख्दा महल नं. ८ र महल नं. ९ को गुणनफल रकम लेख्नु पर्दछ ।

**बिक्री नभई खेरगएका स्टिक संख्या (महल ११)**
सन्दर्भ अवधिमा बिक्री गर्ने बजारको अभाव वा अन्य विभिन्न कारणहरुबाट बिक्री नभई खेरगएका कट् फ्लावरको जातअनुसार जम्मा स्टिक संख्या यस महलमा लेख्नु पर्दछ ।

**बिक्री नभई खेरगएका स्टिकको मूल्य रु. (महल १२)**
सन्दर्भ अवधिमा बिक्री गर्ने बजारको अभाव वा अन्य विभिन्न कारणहरुबाट बिक्री नभई खेरगएका कट् फ्लावरको जातअनुसार जम्मा मूल्य यस महलमा लेख्नु पर्दछ ।

**५.५ लुज फ्लावर लगाएको क्षेत्रफल, उत्पादन तथा बिक्री परिमाण**
यो तालिकामा लुज फ्लावर लगाएको क्षेत्रफल, उत्पादन तथा बिक्री परिमाणसम्बन्धी विवरण संकलन गरिन्छ । यो तालिका निम्नअनुसार भरिन्छ ।

**क्रम संख्या( महल १)**
यस महलमा दिएको सङ्ख्या प्रत्येक हरफको क्रमसङ्ख्या हो ।

**लुज फ्लावरको नाम (महल २)**
यस महलमा लुज फ्लावरको जातअनुसारको नाम लेख्नु पर्दछ। *यस महलमा व्यवसायीले उत्पादन गरेका एघार (११) प्रकारका लुज फ्लावरको जातअनुसार छुट्टा छुट्टै विवरण लिन सकिन्छ । यदि व्यवसायीले एघार (११) भन्दा बढी प्रकारका लुज फ्लावरको उत्पादन गर्ने भएमा प्रमुख ११ को छुट्टा छुट्टै विवरण भरी बाँकी सबैको विवरण एकमूष्ठ अन्यअन्तर्गत लिनु पर्दछ ।*

> ***लुज फ्लावर***
> *लुज फ्लावर भन्नाले १ वर्ष भित्र आफ्नो जीवनचक्र पूरा गरी बोटै समेत मरेर जाने फूलका विरूवा बाट उत्पादित वा काटेर निकालिएको हाँगा विनाको फूललाई जनाउँदछ । जस्तैः सयपत्री, मखमली, असर्फी, लाहुरे आदि । लुज फ्लावरको उत्पादन धार्मिक तथा सांस्कृतिक कार्यका लागि आवश्यक फूल तथा माला आपूर्ति गर्नका लागि गर्ने गरिन्छ ।*

**लुज फ्लावरको कोड (महल ३)**
यस महलमा महल-२ मा उल्लेख भए बमोजिमको लुज फ्लावरको जातअनुसार यसै निर्देशिकाको अनुसूची ४ मा दिइएको कोड लेख्नु पर्दछ ।
**लुज फ्लावर लगाएको क्षेत्रफल (महल ४, ५, ६)**
यी महलहरुमा लुज फ्लावर लागेको जग्गाको क्षेत्रफल जातअनुसार बिघा–कट्ठा–धुर वा रोपनी–आना–पैसामा लेख्नु पर्दछ ।

**एकाइको कोड (महल ७)**

पुष्प व्यवसायीले आफूले उत्पादन गरेका विभिन्न जातका लुज फ्लावरको उत्पादन तथा बिक्री स्थान विशेषअनुसार विभिन्न एकाइ मुट्ठा, पाथी, टिन, डोको, डालो आदिमा गरेको हुन सक्दछ । एकाइको कोड प्रश्नावली तालिकाको तल्लो भागमा दिइएको छ । यस महलमा पुष्प व्यवसायीले आफ्नो उत्पादन माथी उल्लेखित एकाइ मध्ये कुनमा बिक्री गर्दछ सो एकाइको कोड लेख्नु पर्दछ ।

**लुज फ्लावरको उत्पादन (महल ८)**
सन्दर्भ अवधिमा लुज फ्लावरको महल २ मा उल्लेखित जातअनुसार जम्मा वार्षिक उत्पादन परिमाण यस महलमा लेख्नु पर्दछ ।

**लुज फ्लावरको बिक्री (महल ९)**
सन्दर्भ अवधिमा लुज फ्लावरको महल २ मा उल्लेखित जातअनुसार वार्षिक जम्मा बिक्री परिमाण यस महलमा लेख्नु पर्दछ ।

**प्रति एकाइ मूल्य रु. (महल १०)**
सन्दर्भ अवधिमा बिक्री भएका लुज फ्लावरको महल ७ मा लेखिएको एकाइअनुसार प्रति एकाई मूल्य यस महलमा लेख्नु पर्दछ । सन्दर्भ अवधिमा महल २ मा उल्लेखित जातअनुसार बिक्री गरिएको लुज फ्लावरको मूल्य मौसम तथा मागअनुसार फरक फरक हुन सक्दछ । यसरी मूल्य फरक फरक भएमा विभिन्न समयमा बिक्री गरिएका स्टिकहरुको औषत मूल्य कायम गरी प्रति स्टिक मूल्य यस महलमा लेख्नु पर्दछ ।

**जम्मा बिक्री मूल्य रु. (महल ११)**
यस महलमा सन्दर्भ अवधिमा बिक्री भएका लुज फ्लावरहरुको जम्मा बिक्री मूल्य एकमूष्ठ लेख्नु पर्दछ । जम्मा बिक्री मूल्य लेख्दा महल नं. ९ र महल नं. १० को गुणनफल रकम लेख्नु पर्दछ ।

**बिक्री नभई खेरगएका लुज फ्लावरको परिमाण (महल १२)**
सन्दर्भ अवधिमा विभिन्न कारणहरुबाट बिक्री नभई खेरगएका जातअनुसार लुज फ्लावरको जम्मा परिमाण यस महलमा लेख्नु पर्दछ ।

**बिक्री नभई खेरगएका लुज फ्लावरको मूल्य रु.(महल १३)**
सन्दर्भ अवधिमा विभिन्न कारणहरुबाट बिक्री नभई खेरगएका जातअनुसार लुज फ्लावरको जम्मा मूल्य यस महलमा लेख्नु पर्दछ ।

## ५.६ बीउ, बल्ब, राईजोम तथा ट्युवर लगाएको क्षेत्रफल, उत्पादन तथा बिक्री परिमाण
यो तालिकामा विभिन्न जातका फूलहरुको बीउका लागि उत्पादन गरिने बीउ (बल्ब, राईजोम तथा ट्युवर) लागेको क्षेत्रफल, उत्पादन तथा बिक्री परिमाणसम्बन्धी विवरण संकलन गरिन्छ । यो तालिकामा विवरण लिदाँ ध्यान पुर्‍याउनु पर्ने कुरा के छ भने जुन व्यवसायीले विभिन्न मौसमी, बहुवर्षे तथा कट् फ्लावरमा प्रयोग हुने विभिन्न जातका फूलको उत्पादनकालागि आवश्यक बीउ, बल्ब, राइजोम तथा ट्युवर उत्पादन गरी बिक्री गर्दछन् तिनीहरुको मात्र विवरण यहाँ संकलन गर्नु पर्दछ । विरूवा वा फूल उत्पादन गर्नेहरुको विवरण यहाँ लिनु हुँदैन । यो तालिका निम्नबमोजिम भर्नुपर्दछ ।

**क्रम संख्या( महल १)**
यस महलमा दिएको सङ्ख्या प्रत्येक हरफको क्रमसङ्ख्या हो ।

**बीउ, बल्ब, राईजोम तथा ट्युवरको नाम (महल २)**
यस महलमा बीउ, बल्ब, राईजोम तथा ट्युवरको उत्पादनका लागि लगाईएको फूलहरुको नाम लेख्नु पर्दछ । *यस महलमा व्यवसायीले उत्पादन गरेका एघार (११) प्रकारका बीउ, बल्ब, राईजोम तथा ट्युवरको जातअनुसार छुट्टा छुट्टै विवरण लिन सकिन्छ । यदि व्यवसायीले एघार (११) भन्दा बढी प्रकारका बीउ, बल्ब, राईजोम तथा ट्युवरको उत्पादन गर्ने भएमा प्रमुख ११ को छुट्टा छुट्टै विवरण भरी बाँकी सबैको विवरण एकमूष्ठ अन्यअन्तर्गत लिनु पर्दछ ।*

*बल्ब, राईजोम तथा ट्युवर उत्पादन*

*बल्ब, राईजोम तथा टयुवर भन्नाले १ वर्ष वा सो भन्दा बढि आफ्नो जीवनचक्र रहि फूल उत्पादन गर्ने गाना, गोला तथा जराहरुलाई जनाउँदछ । जस्तैः ग्लाडुलसको बल्ब, लिलियमको बल्ब, ट्युवरोजको बल्ब, ग्लोरिसा, हेमन्थस, लाइकोरिस, इचिमिनस आदि ।*

**बीउ, बल्ब, राईजोम तथा ट्युवरको कोड (महल ३)**

यस महलमा महल-२ मा उल्लेख भए बमोजिमको बीउ, बल्ब, राईजोम तथा ट्युवरको उत्पादनका लागि लगाईएको फूलहरुको कोड यसै निर्देशिकाको **अनुसूची ४** मा दिइएकोअनुसार लेख्नु पर्दछ ।

**बीउ, बल्ब, राईजोम तथा ट्युवर लगाएको क्षेत्रफल (महल ४, ५, ६)**

यी महलहरुमा बीउ, बल्ब, राईजोम तथा ट्युवर उत्पादनका लागि जातअनुसार लगाएको फूलहरुले ओगटेको जग्गाको क्षेत्रफल बिघा–कट्ठा–धुर वा रोपनी–आना–पैसामा सोधी लेख्नु पर्दछ ।

**एकाइको कोड (महल ७)**

सन्दर्भ अवधिमा व्यवसायीले उत्पादन गरेको फूलको बीउ, बल्ब, राईजोम तथा ट्युवरको जातअनुसार उत्पादन तथा बिक्री जुन एकाइमा गर्दछ, सो एकाइको कोड यस महल ७ मा लेख्नु पर्दछ । सामान्यतया बीउ विजन ग्राम, किलोग्राममा र बल्ब, राइजोम तथा ट्युबरहरुलाई गोटामा उल्लेख गरिन्छ । उत्पादन तथा बिक्री एकाइको कोड तालिकाको तल्लो भागमा दिइएको छ ।

**बीउ, बल्ब, राईजोम तथा ट्युवरको उत्पादन परिमाण (महल ८)**

यस महलमा सन्दर्भ अवधिमा उत्पादित बीउ, बल्ब, राईजोम तथा ट्युवरको जातअनुसार वार्षिक जम्मा उत्पादन परिमाण लेख्नु पर्दछ ।

**बीउ, बल्ब, राईजोम तथा ट्युवरको बिक्री परिमाण (महल ९)**

यस महलमा सन्दर्भ अवधिमा बिक्री गरिएको बल्ब, राईजोम तथा ट्युवरको जातअनुसार वार्षिक जम्मा बिक्री परिमाण लेख्नु पर्दछ ।

**प्रति एकाइ मूल्य रु. (महल १०)**

यस महलमा सन्दर्भ अवधिमा बिक्री भएका बीउ, बल्ब, राईजोम तथा ट्युवरको जातअनुसार प्रति एकाई मूल्य लेख्नु पर्दछ । एउटै जातको बीउ, बल्ब, राईजोम तथा ट्युवर पनि पटक पटक छुट्टा छुट्टै मूल्यमा बिक्री गरिएको भएमा औषत प्रति एकाइ मूल्य लेख्नु पर्दछ ।

**जम्मा बिक्री मूल्य रु. (महल ११)**

यस महलमा सन्दर्भ अवधिमा विभिन्न जातका फूलका बीउ, बल्ब, राईजोम तथा ट्युवरहरुको जम्मा बिक्री मूल्य लेख्नु पर्दछ । जम्मा बिक्री मूल्य लेख्दा महल नं. ९ र महल नं. १० को गुणनफल रकम लेख्नु पर्दछ ।

**मौज्दातमा रहेको बीउ, बल्ब, राइजोम तथा ट्युवरको परिमाण (महल १२)**

सन्दर्भ अवधिमा उत्पादन भएका सबै बीउ, बल्ब, राईजोम तथा ट्युवरहरु बिक्री नभएर वा अन्य कारणले मौज्दात रहेको हुनसक्छ । यसरी मौज्दातमा रहेका बीउ, बल्ब, राईजोम तथा ट्युवरहरुको जम्मा परिमाण जातअनुसार यस महल लेख्नु पर्दछ ।

**मौज्दातमा रहेको बीउ, बल्ब, राइजोम तथा ट्युवरको मूल्य रु. (महल १३)**

सन्दर्भ अवधिमा विभिन्न कारणहरुबाट बिक्री नभई मौज्दातमा रहेका जातअनुसार बीउ, बल्ब, राइजोम तथा ट्युवरको जम्मा मूल्य यस महलमा लेख्नु पर्दछ ।

**५.७ गार्डेन दुबो लगाएको क्षेत्रफल, उत्पादन तथा बिक्री परिमाण**
यो तालिकामा गार्डेनिङ्ग तथा ल्याण्ड स्केपिङ्गमा हरियाली तथा सजावटका लागि आवश्यक गार्डेन दुबो लागेको क्षेत्रफल, उत्पादन तथा बिक्रीसम्बन्धी विवरण संकलन गरिन्छ। यो तालिका निम्न बमोजिम भर्नु पर्दछ।

**क्रम संख्या( महल १)**
यस महलमा दिएको सङ्ख्या प्रत्येक हरफको क्रमसङ्ख्या हो।

**गार्डेन दुबोको नाम (महल २)**
यस महलमा गार्डेन दुबोको जातअनुसार नाम लेख्नु पर्दछ। *यस महलमा व्यवसायीले उत्पादन गरेका एघार (११) प्रकारका गार्डेन दुबोको जातअनुसार छुट्टा छुट्टै विवरण लिन सकिन्छ। यदि व्यवसायीले एघार (११) भन्दा बढी प्रकारका गार्डेन दुबोको उत्पादन गर्ने भएमा प्रमुख ११ को छुट्टा छुट्टै विवरण भरी बाँकी सबैको विवरण एकमूष्ठ अन्यअन्तर्गत लिनु पर्दछ।*

> ***गार्डेन दुबो***
> *गार्डेन दुबो भन्नाले गार्डेनिङ्ग तथा ल्याण्डस्केपिङ्गमा हरियाली तथा सजावट प्रयोजनका लागि प्रयोग गरिने १ वर्ष भन्दा बढि जीवनचक्र हुने फूल नफुल्ने घाँसको विरूवाहरुलाई जनाउँदछ।*

**गार्डेन दुबोको कोड (महल ३)**
यस महलमा महल-४ मा उल्लेख भए बमोजिम गार्डेन दुबोको कोड यसै निर्देशिकाको अनुसूची ४ अनुसार लेख्नुपर्दछ।

**गार्डेन दुबो लागेको क्षेत्रफल (महल ४, ५, ६)**
यी महलहरुमा गार्डेन दुबो लागेको जग्गाको क्षेत्रफल जातअनुसार बिघा–कट्ठा–धुर वा रोपनी–आना–पैसामा लेख्नु पर्दछ।

**एकाइको कोड (महल ७)**
यस महलमा गार्डेन दुबो उत्पादन तथा बिक्री गरिने एकाइको कोड लेख्नु पर्दछ। सामान्यतया गार्डेन दुबोको उत्पादन तथा बिक्री वर्ग फिटमा गर्ने गरिन्छ। एकाइको कोड प्रश्नावलीको तल्लो भागमा दिइएको छ।

**गार्डेन दुबोको उत्पादन (महल ८)**
यस महलमा सन्दर्भ अवधिमा उत्पादित गार्डेन दुबोको महल २ मा उल्लेखित जातअनुसार जम्मा उत्पादन परिमाण लेख्नु पर्दछ।

**गार्डेन दुबोको बिक्री परिमाण (महल ९)**
सन्दर्भ अवधिमा बिक्री गरिएको गार्डेन दुबोको महल २ मा उल्लेखित जातअनुसार जम्मा बिक्री परिमाण यस महलमा लेख्नु पर्दछ।

**प्रति एकाइ मूल्य रु. (महल १०)**
यस महलमा गार्डेन दुबोको प्रति एकाइ मूल्य लेख्नु पर्दछ। मौसम अनुसार गार्डेन दुबो विभिन्न मूल्यमा बिक्री हुन सक्दछ। यस्तो अवस्थामा औषत प्रति एकाइ मूल्य लेख्नु पर्दछ।

**बिक्री मूल्य रु. (महल ११)**
यस महलमा सन्दर्भ अवधिमा बिक्री भएको गार्डेन दुबोको जम्मा बिक्री मूल्य लेख्नु पर्दछ। जम्मा बिक्री मूल्य लेख्दा महल नं. ९ र महल नं. १० को गुणनफल रकम लेख्नु पर्दछ।

**मौज्दातमा रहेको दुबोको परिमाण (महल १२)**
सन्दर्भ अवधिमा उत्पादन भएका सबै गार्डेन दुबोहरु बिक्री नभएर वा अन्य कारणले मौज्दात रहेको हुन सक्दछ। यसरी मौज्दातमा रहेका गार्डेन दुबोको जम्मा परिमाण यस महलमा लेख्नु पर्दछ।

**मौज्दातमा रहेको दुबोको मूल्य रु. (महल १२)**
सन्दर्भ अवधिमा उत्पादन भएका सबै गार्डेन दुबोहरु बिक्री नभएर वा अन्य कारणले मौज्दात रहेको हुनसक्दछ । यसरी मौज्दातमा रहेका गार्डेन दुबोको मूल्य कति पर्दछ सोधी यस महलमा लेख्नु पर्दछ ।

## खण्ड ६: चालु तथा पूँजीगत खर्च तथा बिक्री विवरण

प्रश्नावलीको यस खण्डमा व्यवसायीले सन्दर्भ वर्षभित्र गरेको खर्चसम्बन्धी विवरण संकलन गरिन्छ । प्रश्न ६.१ मा व्यवसायीको नियमित (सालवसाली) खर्चसम्बन्धी विवरण संकलन गरिन्छ । त्यसैगरी, प्रश्न ६.२ मा व्यवसायीको स्थायी किसिमका पूँजी निर्माण खर्चसम्बन्धी विवरण संकलन गर्नुको साथै सन्दर्भ अवधिमा कुनै यस्तै किसिमका बस्तुहरु बिक्री गरिएको भए त्यसबाट प्राप्त रकमसम्बन्धी विवरण संकलन गरिन्छ ।

### ६.१ चालु खर्च विवरण

चालु खर्चसम्बन्धी विवरण संकलनका लागि तलको तालिकामा व्यवसायीले गर्ने चालु खर्चका विभिन्न शीर्षक दिइएको छ । यी खर्च शिर्षकअन्तर्गत सन्दर्भ अवधिमा गरिएको वार्षिक खर्च रकम यस तालिकामा लेख्नु पर्दछ ।

| क.सं. | खर्च शीर्षक | परिभाषा |
|---|---|---|
| 1. | बीउ, विजन (बल्ब, राईजोम तथा ट्युबर समेत) | व्यवसायीले खरिद गर्ने बीउ, विजन कुनै जातका फूलको दाना (Seed) हुन्छ भने कतिपय फूलका बल्ब, राईजोम तथा टुवर हुन्छन् । यी बीउ/विजनमा भएको वार्षिक खर्च एकमूष्ठ महल ३ मा लेख्नु पर्दछ । |
| 2. | विरूवा | व्यवसायीले सन्दर्भ अवधिभित्र व्यवसायका लागि के कति संख्यामा विभिन्न जातका बहुवर्षे तथा आलांकारिक फूलका विरूवाहरु खरिद गऱ्यो त्यसको जम्मा मूल्य महल ३ मा लेख्नु पर्दछ । |
| 3. | पोलिब्याग/झोला | पुष्प व्यवसायीले बिक्रीका लागि उत्पादन गर्ने मौसमी, बहुवर्षे तथा आलांकारिक फूलहरुलाई ब्याडमा तयार गरी साना तथा ठूला पोलिब्याग तथा गमलामा राखी बिक्री गर्ने गर्दछन ।<br>अतः यसरी विरूवा उत्पादन गर्न तथा बिक्री भएका विरूवा राखी ग्राहकलाई दिन पोलिब्याग/झोला खरिद गरेको भए वार्षिक कति मूल्यको खरिद गऱ्यो जम्मा मूल्य महल ३ मा लेख्नु पर्दछ । |
| 4. | गमला | व्यवसायीले सन्दर्भ अवधिमा माथी भनिए जस्तै विरूवा उत्पादन गर्ने प्रयोजनका लागि के कति परिमाण्मा गमला खरिद गऱ्यो त्यसको जम्मा मूल्य महल ३ मा लेख्नु पर्दछ । |
| 5. | माटो | व्यवसायीले सन्दर्भ अवधिमा पोलीब्याग तथा गमलामा राख्न वा नर्सरी रहेको जग्गा फिलिङ्ग गर्न के कति मूल्यको माटो खरिद गऱ्यो त्यस्को जम्मा मूल्य महल ३ मा लेख्नु पर्दछ । |
| 6. | भुस/खरानी | पोलीब्याग तथा गमलामा भरिने माटोमा विरूवा राम्रोसंग सप्रियोस्/बढोस् भनी माटो हलुका बनाउनका लागि धानको भुस तथा खरानी मिसाइन्छ । व्यवसायीले सन्दर्भ अवधिमा यसरी आवश्यक भुस/खरानी के कति मूल्यको खरिद गऱ्यो त्यस्को जम्मा मूल्य महल ३ मा लेख्नु पर्दछ । |
| 7. | प्राङ्गारिक मल/पिना | व्यवसायीले उत्पादन गर्ने विरूवाहरु राम्रोसंग सपार्नका लागि प्राङ्गारिक मल (गाई/भैसीको गोवर मल, हड्डीको मल, कुखुराको सूली) तथा पिनाको धुलो आवश्यकताअनुसार माटोमा मिलाई वा माथीबाट राखिदिने गर्दछन् ।<br>यस प्रयोजनको लागि व्यवसायीले सन्दर्भ अवधिमा के कति मूल्यको खरिद गऱ्यो त्यस्को जम्मा मूल्य महल ३ मा लेख्नु पर्दछ । |
| 8. | रासायनिक मल | फूलका विरूवालाई पोषक तत्व (खनिज तथा मिनरल) दिनका लागि व्यवसायीले सन्दर्भ अवधिभित्र के कति मूल्यको रासायनिक मल खरिद गऱ्यो त्यस्को जम्मा मूल्य महल ३ मा लेख्नु पर्दछ । |
| 9. | किटनाशक विषादी | फूलका विरूवालाई विभिन्न किसिमका रोगको संक्रमण तथा लाही, खुम्लो किरा तथा भुसिलकिरा जस्ता किरा फट्याङ्गबाट बचाउन समय समयमा किटनाशक विषादीहरु छर्किनु पर्ने हुन्छ । यस्ता विषदी कुनै पाउडरको |

| क.सं. | खर्च शीर्षक | परिभाषा |
|---|---|---|
| | | रूपमा र कुनै झोलमा पाईने हुन्छ ।<br>व्यवसायीले सन्दर्भ अवधिभित्र के कति मूल्यको किटनाशक विषादी खरिद गऱ्यो त्यस्को जम्मा मूल्य महल ३ मा लेख्नु पर्दछ ।। |
| 10. | सिंचाई खर्च | फूलका बोट विरूवा हरुलाई राम्रोसंग हुर्किन र बढ्नकालागि दैनिक तथा आवश्यकताअनुसार पानी दिनु पर्ने हुन्छ । यस्तो पानी दिने कार्यलाई यहाँ सिँचाई भनिएको हो ।<br>व्यवसायीले सन्दर्भ अवधिमा सिँचाईकालागि आवश्यक पानी प्राप्त गर्न बार्षिकरूपमा के कति खर्च (पानीको महशुल) गऱ्यो सोधी महल ३ मा लेख्नु पर्दछ ।<br>व्यवसायको सिंचाई खर्चसँग **अन्य कृषि प्रयोजनको सिंचाई खर्च**समेत जोडिन सक्ने सम्भावना छ भने सो पक्षलाई ख्याल गरी अन्य कृषि प्रयोजनको सिँचाई खर्चलाई **घटाई बाँकी रकम लेख्नु पर्दछ** । |
| 11. | विद्युत खर्च | यस अन्तर्गत व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनमा प्रयोग भएको विद्युतबापत वार्षिक के कति विद्युत महशुल तिऱ्यो सो रकम वार्षिक खर्च महल ३ मा लेख्नु पर्दछ ।<br>व्यवसायीको घरायसी प्रयोजनको विद्युत खर्च यसमा जोड्नु हुदैन । |
| 12. | इन्धन | पुष्प व्यवसायीलाई आफ्नो व्यवसाय सञ्चालन गर्दा जेनेटर, पम्पसेट आदि चलाउनुका साथै आफ्नो उत्पादन (फूलका विरूवा) ओसार पसार गर्न तथा मार्केटिङ्गको लागि प्रयोगहुने यातायातको साधनका लागि इन्धनको आवश्यकता पर्ने हुन्छ ।<br>सो को लागि सन्दर्भ अवधिमा के कति रकम इन्धनबापत खर्च गऱ्यो त्यो रकम सोधी एकमूष्ठ बार्षिक खर्च रकम महल ३ मा लेख्नु पर्दछ ।<br>घरायसी प्रयोजनमा खर्च भएको इन्धन मूल्य यसमा समावेश गर्नु हुँदैन । |
| 13. | सञ्चार | सञ्चार खर्चअन्तर्गत व्यवसायीले सन्दर्भ अवधिभित्र आफ्नो व्यवसाय संचालनार्थ प्रयोग हुने टेलिफोन, फ्याक्स, इन्टरनेट, हुलाक तथा कुरियर सेवा आदिमा गरेको वार्षिक खर्च एकमूष्ठ सोधी महल ३ मा लेख्नु पर्दछ ।<br>घरायसी प्रयोजनको सञ्चार खर्च यसमा समावेश गर्नु हुँदैन । |
| 14. | यातायात | व्यवसायिक पुष्पखेती गर्ने व्यवसायी आफै वा कार्यरत कर्मचारीहरु व्यवसायकै कामले यातायात साधन प्रयोग गरी विभिन्न स्थानमा जानुपर्ने हुनुका साथै फूलका विरूवा बिक्रीगरी विभिन्न स्थानमा भाडाका साधन मार्फत ओसार पसार गर्नुपर्ने हुन्छ ।<br>व्यवसायीले सन्दर्भ अवधिमा यस प्रयोजनकालागि के कति खर्च गऱ्यो सोधी एकमूष्ठ वार्षिक रकम महल ३ मा लेख्नु पर्दछ । |
| 15. | भाडा (घर/मेशीनरी) | पुष्प व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनका लागि घर/ग्रिनहाउस/टनेल/मेशीनरी सामान आदि भाडामा लिएका हुन सक्दछन् ।<br>व्यवसायीले सन्दर्भ अवधिमा घर/ग्रिनहाउस/टनेल/मेशीनरी सामान आदि भाडामा लिएको भए सोबापतको वार्षिक रकम एकमूष्ठ महल ३ मा लेख्नु पर्दछ । |
| 16. | जग्गा भाडा | व्यवसायीले सन्दर्भ अवधिमा जग्गा भाडामा लिएको भए सोबापतको वार्षिक रकम एकमूष्ठ महल ३ मा लेख्नु पर्दछ ।<br>*यदि तालिका ४.३ मा जग्गाको स्वामित्व महलमा कोड २ भए यहाँ भाडा रकम उल्लेख भएकै हुनु पर्दछ ।* |

| क.सं. | खर्च शीर्षक | परिभाषा |
|---|---|---|
| 17. | बैंक (कमिशन/सेवा शुल्क) | व्यवसायीले व्यवसाय सञ्चालनको लागि सन्दर्भ अवधिमा विभिन्न बैंक तथा अन्य वित्तीय संस्थाबाट ऋण लिदाँ कमिशन/सेवा शुल्क बुझाएको भए सोवापत बुझाएको वार्षिक रकम एकमूष्ठ महल ३ मा लेख्नु पर्दछ। |
| 18. | कार्यालय सञ्चालन खर्च | व्यवसायीले कार्यालय सञ्चालन (मसलन्द, स्टेशनरी, तालिम आदि) को लागि सन्दर्भ अवधिमा खर्च गरेको भए वार्षिक खर्च रकम एकमूष्ठ महल ३ मा लेख्नु पर्दछ। |
| 19. | साधारण मर्मत तथा सामाग्री खरिद | व्यवसायीले व्यवसाय सञ्चालनको लागि विभिन्न मेशीनरी तथा औजार को साधारण मर्मत गरी खर्च गरेका हुन सक्दछन्। साथै, साधारण किसिमका सामाग्री (जस्तैः विद्युतीय तथा सिँचाइ सामाग्री) पनि खरिद गरेका हुन सक्दछन्। सन्दर्भ अवधिमा माथि उल्लेखित खर्च गरेको भए वार्षिक खर्च रकम एकमूष्ठ महल ३ मा लेख्नु पर्दछ।<br>व्यवसायीले अन्य प्रयोजनको लागि यस किसिमको खर्च गरेको भए यसमा समावेश गर्नु हुँदैन। |
| 20. | कर/राजस्व/सदस्यता र नवीकरण शुल्क | यस अन्तर्गत व्यवसायीले आफ्नो व्यवसाय सञ्चालन गर्दा तिर्नुपर्ने वार्षिक कर/राजश्व तथा विभिन्न प्रकारका पुष्प व्यवसायसम्बन्धी संघसंस्थाको सदस्यता र नवीकरण शुल्कवापतको वार्षिक खर्च रकम एकमूष्ठ महल ३ मा लेख्नु पर्दछ। |
| 21. | दान/चन्दा | पुष्प व्यवसायीले सामाजिक कार्यका लागि विभिन्न व्यक्ति वा संस्थालाई दान वा चन्दा प्रदान गरेको हुन सक्दछ। सन्दर्भ अवधिमा व्यवसायीले दान/चन्दा बापत रकम दिएको भएमा उक्त रकम एकमूष्ठ महल ३ मा लेख्नु पर्दछ। |
| 22. | अन्य खर्च | व्यवसायीले सन्दर्भ अवधिमा व्यवसाय सञ्चालनार्थ माथि उल्लिखित शीर्षक बाहेक अन्य कुनै प्रकारको सालवसाली प्रकृतिको खर्च गरेको भए त्यस्तो खर्चको वार्षिक रकम एकमूष्ठ यस शीर्षकअन्तर्गत महल ३ मा लेख्नु पर्दछ। जस्तैः विज्ञापनवापतको खर्च |

**कुल जम्मा खर्च**
सन्दर्भ अवधिमा व्यवसायीले चालु खर्च शिर्षकअन्तर्गत गरेको सर्म्पूण खर्चहरुको जोड यस महलमा लेख्नु पर्दछ।

## ६.२ पूँजीगत खर्च तथा बिक्री विवरणः

पूँजीगत खर्च तथा बिक्रीसम्बन्धी विवरण संकलनका लागि तलको तालिकामा व्यवसायीले गर्ने पूँजीगत खर्च तथा बिक्रीका शिर्षकहरु दिईएको छ।

**पूँजीगत खर्च**
व्यवसाय सञ्चालनको लागि एक वर्षभन्दा बढी खप्ने भौतिक तथा बौद्धिक सम्पत्तिलाई जनाउँदछ। पूँजीगत खर्चको लागत वा खरिद रकम लेख्दा उक्त सम्पत्ति व्यवसाय सञ्चालित स्थानसम्म ल्याई जडान गर्दा लागेको खर्च र कर महशुल आदि लागेको भएमा सोसमेत समावेश गरी एकमूष्ठ महल ३ मा लेख्नु पर्दछ। यसरी नै सन्दर्भ अवधिभित्र पूँजीगत सामानको बिक्रीबाट रकम प्राप्त भएको रहेछ भने महल ४ मा लेख्नु पर्दछ। *तर सन्दर्भ अवधिभन्दा पहिले वा पछि खरिद/बिक्री गरेको पूँजीगत सामानको खरिद वा बिक्री मूल्य भने यहाँ लेख्नु हुदैन।*

| क्र.सं. | खर्च शीर्षक | विवरण संकलन विधि |
|---|---|---|
| 1. | जग्गा | व्यवसायीले पुष्प व्यवसाय सञ्चालनकालागि जग्गा खरिद गरेको हुन सक्दछ । यदि सन्दर्भ अवधिमा यस प्रकारको जग्गा/भवन खरिद गरेको भए खरिद मूल्य महल ३ मा लेख्नु पर्दछ ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा पुष्प व्यवसायमा प्रयोग भएको जग्गा बिक्री गरेको भएमा त्यसको एकमूष्ठ मूल्य महल ४ मा लेख्नु पर्दछ । |
| 2. | भवन | व्यवसायीले पुष्प व्यवसाय सञ्चालनकालागि कार्यालय तथा स्टोरका लागि भवन खरिद गरेको हुन सक्दछ । यदि सन्दर्भ अवधिमा यस प्रकारको भवन खरिद गरेको भए त्यसको मूल्य महल ३ मा लेख्नु पर्दछ ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा पुष्प व्यवसायमा प्रयोग भएको भवन बिक्री गरेको भएमा त्यसको मूल्य महल ४ मा लेख्नु पर्दछ । |
| 3. | टहरा/अफिस/स्टोर निर्माण | व्यवसायीले पुष्प व्यवसाय सञ्चालनकालागि सन्दर्भ अवधिमा आवश्यक अफिस/स्टोर भवन निर्माण गरेको भए उक्त संरचना निर्माण निर्माण मूल्य महल ३ मा लेख्नु पर्दछ ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा अफिस/स्टोर भवन बिक्री गरेको भए बिक्री मूल्य महल ४ मा लेख्नु पर्दछ । |
| 4. | टनेल/ग्रिनहाउस/पोलिनेटसेड हाउस निर्माण | व्यवसायीले पुष्प व्यवसाय सञ्चालनकालागि सन्दर्भ अवधिमा टनेल/ग्रिनहाउस/पोलिनेट/सेड हाउस निर्माण गरेको भए त्यस्को मूल्य महल ३ मा लेख्नु पर्दछ ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा टनेल, ग्रिनहाउस, पोलिनेट सेड हाउस बिक्री गरेको भए बिक्री मूल्य महल ४ मा लेख्नु पर्दछ । |
| 5. | ट्र्याक्टर/पावर टेलर | व्यवसायीले पुष्प व्यवसायकालागि खनजोत तथा ढुवानी गर्न ट्र्याक्टर/पावर टेलर खरिद गरेको हुन सक्दछ । यदि सन्दर्भ अवधिमा ट्र्याक्टर/पावर टेलर खरिद गरेको भए खरिद मूल्य महल ३ मा लेख्नु पर्दछ ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा ट्र्याक्टर/पावर टेलर बिक्री गरेको भए बिक्री मूल्य महल ४ मा लेख्नु पर्दछ । |
| 6. | आधुनिक औजारहरु | व्यवसायीले पुष्प व्यवसाय सञ्चालनकालागि विभिन्न खाले साना तथा ठूला औजारहरुको आवश्यकता हुन्छ । यहाँ, व्यवसायीले एक वर्षभन्दा बढी खप्नेखालका औजारहरु (सिकेचर, कैची आदि) खरिद गरेको भए खरिद मूल्य महल ३ मा लेख्नु पर्दछ ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा एक वर्षभन्दा बढी खप्नेखालका औजारहरु (सिकेचर, कैची आदि) बिक्री गरेको भए बिक्री मूल्य महल ४ मा लेख्नु पर्दछ । |
| 7. | जेनेरेटर | कुनै पनि व्यवसाय सुलभ तरिकाले सञ्चालन गर्न नियमित विद्युत आपूर्ति अति आवश्यक हुन्छ । लोडसेडिङ्गको अवस्थामा व्यवसायीहरुकालागि विद्युत आपूर्तिको विकल्प जेनेरेटर हुन्छ । व्यवसायीले सन्दर्भ अवधिमा आफ्नो व्यवसाय सञ्चालनमा आवश्यक जेनेरेटर खरिद गरेको भए खरिद मूल्य महल ३ मा लेख्नु पर्दछ ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा जेनेरेटर बिक्री गरेको भए बिक्री मूल्य महल ४ मा लेख्नु पर्दछ । |
| 8. | पम्पिङ्ग सेट/मोटर | पुष्पखेती व्यवसायमा फूलका विरूवामा सिँचाईका लागि भिन्न पानीका स्रोतहरु प्रयोग गरिन्छ । ती पानीका स्रोतहरु (जस्तैः कुवा, इनार, टिबवेल, बोरिङ्ग) बाट पानी तानी सिँचाई गर्न पानी तान्ने मोटर/पम्पिङ्ग सेट को आवश्यकता पर्न सक्दछ । |

| क्र.सं. | खर्च शीर्षक | विवरण संकलन विधि |
|---|---|---|
| | | व्यवसायीले सन्दर्भ अवधिमा पानी तान्ने मोटर/पम्पिङ्ग सेट खरिद गरेको भए खरिद मूल्य महल ३ मा लेख्नु पर्दछ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा पानी तान्ने मोटर/पम्पिङ्ग सेट बिक्री गरेको भए बिक्री मूल्य महल ४ मा लेख्नु पर्दछ। |
| 9. | कम्प्युटर/प्रिन्टर/ल्यापटप | व्यवसायीले कार्यालय सञ्चालनको लागि सन्दर्भ अवधिमा कम्प्युटर/प्रिन्टर/ल्यापटप खरिद गरेको भए, त्यसको एकमूष्ठ खरिद मूल्य महल ३ मा लेख्नु पर्दछ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा कम्प्युटर/प्रिन्टर/ल्यापटप बिक्री गरेको भए बिक्री मूल्य महल ४ मा लेख्नु पर्दछ। |
| 10. | यातायातका साधन | पुष्पखेती गर्ने व्यवसायीले व्यवसायलाई आवश्यक पर्ने कुनै यातायातको साधन सन्दर्भ अवधिमा खरिद गरेको भए, त्यसको एकमूष्ठ खरिद मूल्य महल ३ मा लेख्नु पर्दछ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा यातायातको साधन बिक्री गरेको भए बिक्री मूल्य महल ४ मा लेख्नु पर्दछ। |
| 11. | पूँजीगत मर्मत सम्भार | व्यवसायीले आफ्नो व्यवसायमा भएका मेशिनरी औजार तथा यातायातका साधन तथा टनेल, ग्रिनहाउस वा कार्यालय भवन आदिको सन्दर्भ अवधिमा ठूलै रकम खर्च हुने गरी अर्थात त्यसको आयु वा क्षमता बढ्ने गरी पूँजीगत मर्मत सम्भारमा खर्च गरेको भए उक्त रकम एकमूष्ठ रूपमा महल ३ मा लेख्नु पर्दछ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा अरुलाई त्यस किसिमको पूँजीगत मर्मत सेवा प्रदान गरी आम्दानी गरेको भए त्यस्तो आम्दानी रकम महल ४ मा लेख्नु पर्दछ। |
| 12. | फर्निचर | व्यवसायीले व्यवसाय सञ्चालनकालागि सन्दर्भ अवधिमा विभिन्न किसिमका फर्निचरका सामानहरु खरिद गरेको भए, उक्त रकम एकमूष्ठ रूपमा महल ३ मा लेख्नु पर्दछ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा विभिन्न किसिमका फर्निचरका सामानहरु बिक्री गरेको भए बिक्री मूल्य महल ४ मा लेख्नु पर्दछ। |
| 13. | अन्य पूँजीगत खर्च (...............) | व्यवसायीले माथि उल्लेखित खर्च शिर्षकबाहेक सन्दर्भ अवधिमा अन्य कुनै किसिमको पूँजीगत खर्च (जस्तैः फ्याक्स मेसिन खरिद) गरेको भए, उक्त रकम एकमूष्ठ रूपमा महल ३ मा लेख्नु पर्दछ।<br>त्यसैगरी, व्यवसायीले सन्दर्भ अवधिमा अन्य कुनै किसिमको पूँजीगत सामानहरु बिक्री गरेको भए बिक्री मूल्य महल ४ मा लेख्नु पर्दछ। |

## खण्ड ७: ऋणसम्बन्धी विवरण

यहाँ ऋण भन्नाले व्यवसायिक पुष्पखेती प्रयोजनको लागि मात्र लिएको ऋण भन्ने बुझ्नु पर्दछ । व्यवसाय सञ्चालकले ऋण विभिन्न प्रयोजनका लागि लिएका हुन सक्छन् । जस्तैः भौतिक संरचना निर्माण, फूलको बीउ/विजन, बोट विरूवा , मलखाद तथा किटनाशक विषादी खरिद आदि । यस खण्डमा व्यवसायीले ऋण लिए नलिएको, ऋणको स्रोत तथा ऋणको प्रयोजनसम्बन्धी जानकारी लिन खोजिएको छ ।

**७.१ व्यवसाय सञ्चालनको लागि ऋण लिएको छ ?**

व्यवसायीले पुष्प व्यवसाय सञ्चालनका लागि ऋण लिएको भए कोड “१” मा गोलो घेरा लगावउनु पर्दछ । यदि ऋण नलिएको भए कोड “२” मा गोलो घेरा लगाई भाग ९ को प्रश्न ९.१ सोध्नु पर्दछ । *गणनाको दिनमा व्यवसायीले ऋण तिर्न बाँकी भए मात्र यहाँ ऋण लिएको मानिन्छ । गणनाको दिन अगावै ऋण तिरी सकेको भए ऋण लिएको मानिदैन र त्यस्ता व्यवसायीलाई पनि कोड “२” मा गोलो घेरा लगाउनुपर्दछ ।*

**७.२ ऋण मुख्यतः कहाँबाट लिएको हो ?**

पुष्प व्यवसायीले ऋण लिएको भए कहाँबाट लिएको हो सोधी उपयुक्त कोडमा गोलो घेरा लगाउनु पर्दछ। सहकारी संस्थाबाट लिएको भए कोड “१” मा, कृषि विकास बैंक बाट लिएको भए “२” मा, अन्य बैंक/वित्तीय संस्थाहरूबाट लिएको भए “३” मा गोलो घेरा लगाउनुपर्दछ । यी बाहेक अन्य कुनै स्रोतबाट लिएको भए “४” मा गोलो घेरा लगाएर स्रोतको नाम पनि लेख्नुपर्दछ ।

यहाँ, अन्य बैंक/वित्तीयसंस्था भन्नाले नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, अन्य बाणिज्य बैंकका साथै विकास बैंक, ग्रामीण विकास बैंक जस्ता बैंकहरु तथा विभिन्न फाइनान्स कम्पनीहरू पर्दछन् । *एउटा भन्दा बढी स्रोतबाट ऋण लिएको भए सबै भन्दा बढी ऋण लिएको स्रोतको कोडमा गोलो घेरा लगाउनुपर्दछ ।*

**७.३ मुख्य कुन उद्देश्यका लागि ऋण लिएको हो ?**

पुष्प व्यवसायीले ऋण लिएका भए ऋण के प्रयोजनका लागि लिएको हो सोधी सम्बन्धित कोडमा गोलो घेरा लगाउनु पर्दछ । टनेल/ग्रिन हाउस/पोलिनेट सेड हाउस निर्माण गर्न ऋण लिएको भए कोड “१” मा, फूलको बीउ तथा बोट बिरूवा खरिदका लागि ऋण लिएका भए कोड “२” मा, मलखाद/किटनाशक बिषादी खरिदका लागि ऋण लिएका भए कोड “३” मा, मेशिनरी औजार खरिदका लागि ऋण लिएका भए कोड “४” मा गोलो घेरा लगाउनु पर्दछ । यी बाहेक अन्य कुनै कार्यका लागि ऋण लिएको भए कोड “५” मा गोलो घेरा लगाई उक्त प्रयोजनसमेत खुलाउनु पर्दछ । *यदि एक भन्दा बढी उद्देश्यको लागि ऋण लिएको बताएमा व्यवसायीसँग तीमध्ये पहिलो प्राथमिकता के हो सोधी उपयुक्त कोडमा गोलो घेरा लगाउनु पर्दछ ।*

# खण्ड ८: विविध

प्रश्नावलीको यस खण्डमा पुष्प व्यवसायका लागि प्रयोग हुने हरित गृह (ग्रिन हाउस), टनेल तथा व्यवसायिक भवन र तिनको प्रकार, संख्या तथा क्षेत्रफल, आयात तथा निर्यातसम्बन्धी, व्यवसायसम्बन्धी तालिम, यो व्यवसाय गर्नुअघिको पेशा, व्यवसायसम्बन्धी आगामी दिनको योजना, भूकम्प तथा विविध कारणले व्यवसायको उत्पादन तथा मूल्यमा भएको तुलनात्मक वृद्धि तथा ह्रास, पुष्प व्यवसाय प्रति व्यवसायीको धारणा र व्यवसायीको नजरमा पुष्प व्यवसायलाई समृद्ध बनाउन सरकारले गर्नुपर्ने प्रमुख कार्यहरु बारेमा जानकारी लिइनेछ ।

**८.१ व्यवसायी आफैले बीउ/विजन, विरूवा तथा अन्य सामाग्री आयात गर्ने गर्नुभएको छ ?**

पुष्प व्यवसायीले आफ्नो व्यवसायका लागि आवश्यक बीउ/विजन, विरूवा तथा अन्य सामाग्री आफैले विदेशबाट आयात गर्ने गरेको भए कोड १ छ मा गोलो घेरा लगाउनु पर्दछ ।

**८.२ व्यवसायी आफैले आफ्नो उत्पादन निर्यात गर्ने गर्नु भएको छ ?**

पुष्प व्यवसायीले आफूले उत्पादन गरेको विभिन्न जातको फूलका बीउ/विजन, विरूवा तथा कट् फ्लावरका स्टिक आदि व्यवसायी आफैले विदेश निर्यात गर्ने गरेको भएमा कोड "१" छ मा गोलो घेरा लगाउनु पर्दछ । यदि निर्यात नगरेको भएमा कोड "२" छैन मा गोलो घेरा लगाउनु पर्दछ ।

**८.३ व्यवसायले हरित गृह (ग्रिन हाउस), टनेल तथा व्यवसायिक भवन प्रयोग गरेको छ** ?

यस प्रश्नमा पुष्प व्यवसायमा हरित गृह (ग्रिन हाउस), टनेल तथा व्यवसायिक भवनको प्रयोग भएको छ वा छैन सो जान्न खोजिएको हो । पुष्प व्यवसायीले हरित गृह (ग्रिन हाउस), टनेल तथा व्यवसायिक भवनको समेत प्रयोग गरि व्यवसाय सञ्चालन गरेको भए कोड "१" मा गोलो घेरा लगाउनु पर्दछ । यदि ग्रिन हाउस, टनेल तथा व्यवसायिक भवनको प्रयोग नगरिकन पुष्प व्यवसाय गरेको भए कोड "२" मा गोलो घेरा लगाई प्रश्न नं. ८.५ सोध्नु पर्दछ ।

**८.४ व्यवसायमा रहेका हरित गृह (ग्रिन हाउस), टनेल तथा व्यवसायिक भवनको प्रकारअनुसार संख्या र क्षेत्रफल**

व्यवसायमा रहेका हरित गृह (ग्रिन हाउस), टनेल तथा व्यवसायिक भवनको प्रकारअनुसार संख्या र ती संरचनाले ओगटेको क्षेत्रफलसम्बन्धी विवरण यसअन्तर्गतको तालिकामा लिनु पर्दछ ।

**क्रम संख्या( महल १)**

यस महलमा दिएको सङ्ख्या प्रत्येक हरफको क्रमसङ्ख्या हो ।

**प्रयोगको किसिम (महल २)**

व्यवसायले प्रयोग गर्ने व्यवसायिक भवनहरुको प्रयोग विभिन्न किसिमबाट भएको हुन्छ । प्रयोगका किसिमहरु महल २ मा उल्लेखित छन् ।

**काठ/बाँस फ्रेमबाट निर्मित (महल ३, ४)**

महल २ मा उल्लेखित हरित गृह (ग्रिन हाउस), टनेल आदि काठ, बाँसका फ्रेमबाट निर्मित भए तिनीहरुको संख्या महल ३ मा लेखी ती संरचनाले ओगटेको क्षेत्रफल वर्गफिटमा महल ४ मा लेख्नु पर्दछ ।

**जि.आई.पाइप फ्रेमबाट निर्मित (महल ५, ६)**

महल २ मा उल्लेखित हरित गृह (ग्रिन हाउस), टनेल आदि जि.आई.पाइप फ्रेमबाट निर्मित भए तिनीहरुको संख्या महल ५ मा लेखी ती संरचनाले ओगटेको क्षेत्रफल वर्गफिटमा महल ६ मा लेख्नु पर्दछ ।

**एम.एस.पाइप फ्रेमबाट निर्मित (महल ७, ८)**

महल २ मा उल्लेखित हरित गृह (ग्रिन हाउस), टनेल आदि एम.एस.पाइप फ्रेमबाट निर्मित भए तिनीहरुको संख्या महल ७ मा लेखी ती संरचनाले ओगटेको क्षेत्रफल वर्गफिटमा महल ८ मा लेख्नु पर्दछ ।

**अन्य संरचना (महल ९, १०)**
व्यवसायमा हरित गृह (ग्रिन हाउस) र टनेलको अलावा भण्डारण घर, कार्यालय भवन तथा अन्य विविध प्रयोजनकालागि पनि भौतिक संरचना निर्माण गरिएको हुन सक्दछ । यी भौतिक संरचना कच्ची, पक्की दुवै तरिकाले निर्माण गरिएको हुन सक्दछ । महल २ मा उल्लेखित भण्डारण घर, कार्यालय भवन तथा अन्य विविध कार्यमा प्रयोग गरिएको भवनसम्बन्धी विवरण लिँदा जे जस्तो (कच्ची, पक्की) संरचनामा निर्माण गरिएको भएतापनि ती संरचनाको संख्या महल ९ मा र क्षेत्रफल वर्गफिटमा महल १० मा लेख्नु पर्दछ ।

**८.५ प्रमुख सञ्चालकले पुष्प व्यवसायसम्बन्धी तालिम लिनुभएको छ ?**
यहाँ प्रमुख सञ्चालकले पुष्प व्यवसायसम्बन्धी तालिम लिए नलिएको सोधी तालिम लिएको भए कोड "१" छ मा र तालिम नलिएको भए कोड "२" छैन मा गोलो घेरा लगाइ प्रश्न ८.८ सोध्नु पर्दछ ।

> *कुनै पनि सरकारी तथा गैरसरकारी निकायबाट पुष्प व्यवसायसम्बन्धी व्यवहारिक वा सैद्धान्तिक ज्ञान दिने उद्देश्यले दिइएको एक दिन वा सोभन्दा बढी अवधिको तालिम लिएको व्यक्तिलाई तालिम लिएको मानिन्छ ।*

**८.६ व्यवसायसम्बन्धी तालिम कुन निकायबाट लिनुभएको हो ?**
यो प्रश्न मार्फत व्यवसायीले पुष्प व्यवसायसम्बन्धी तालिम कुन निकायबाट प्राप्त गरेको रहेछ भनी जान्न खोजिएको छ । व्यवसायसम्बन्धी तालिम जिल्ला कृषि विकास कार्यालयबाट लिएको भए कोड "१" मा, पुष्प विकास केन्द्रबाट लिएको भए कोड "२" मा, नेपाल फ्लोरिकल्चर एशोसियशनबाट लिएको भए कोड "३" मा र यी बाहेक अन्य निकायबाट लिएको भए कोड "४" मा गोलो घेरा लगाई तालिम दिने निकायको नाम खुलाउनु पर्दछ । यदि व्यवसायीले तालिम एकभन्दा बढी निकायबाट लिएको भए तालिम लिएका सबै निकायका कोडहरुमा गोलो घेरा लगाउनु पर्दछ ।

**८.७ व्यवसायसम्बन्धी लिएको तालिमको अवधि कति हो ?**
व्यवसायीले पुष्प व्यवसायसम्बन्धी लिएको तालिम जति अवधिको हो, सो लाई जम्मा दिन संख्यामा दायाँपट्टि दिइएको कोठामा लेख्नु पर्दछ । यदि एकभन्दा बढी पटक तालिम लिएको भए सोमध्ये बढी अवधिको तालिमको अवधिलाई यहाँ लेख्नु पर्दछ । उदाहरणको लागि यदि कुनै पुष्प व्यवसायीले ५ दिनको तालिम लिएको भएमा जवाफ लेख्ने कोठामा ०५ लेख्नु पर्दछ।

**८.८ पुष्प व्यवसाय गर्नुअघि प्रमुख सञ्चालकको पेशा के थियो ?**
यस प्रश्नमा के कस्ता पेशामा संलग्न व्यक्तिहरु पुष्प व्यवसायमा आकर्षित रहेछन् भन्ने जान्न खोजिएको छ । व्यवसायीको पुष्प व्यवसाय सञ्चालन गर्नुअघि के पेशा थियो सोधी कृषि भए कोड "१" मा, व्यापार भए कोड "२" मा, उद्योग भए कोड "३" मा, नोकरी भए कोड "४" मा, वैदेशिक रोजगार भए कोड "५" मा र विद्यार्थी भए कोड "६" मा गोलो घेरा लगाउनुपर्दछ । यी उल्लिखित पेशाबाहेक अन्य भए कोड "७" मा गोलो घेरा लगाई जे पेशा हो, सो खुलाउनु पर्दछ ।

**८.९ विगतको दाँजोमा सन्दर्भ अवधिमा व्यवसायको उत्पादन तथा आम्दानीमा कति प्रतिशतले वृद्धि वा ह्रास भयो ?**
यो प्रश्न मार्फत विविध कारणले व्यवसायीको आफ्नो व्यवसायमा विगत अवधि (आ.व. ०७०/७१) को तुलनामा सन्दर्भ अवधि (आ.व. ०७१/७२) मा उत्पादन परिमाण तथा आम्दानीमा के कति वृद्धि वा ह्रास भयो, सो परिमाण प्रतिशतमा र बृद्धि र ह्रास हुनुको कारण जान्न खोजिएको छ । उत्पादन तथा आम्दानीमा वृद्धि वा ह्रास विभिन्न कारणहरुले हुनसक्छ जस्तैः बढ्दो बजार, अनुकुल मौसम, पुष्प व्यवसायलाई प्रोत्साहन गर्ने नीति आदिका कारणले उत्पादन तथा आम्दानीमा वृद्धि हुनसक्छ भने घट्दो बजार, प्रतिकूल मौसम, भुकम्प आदिका कारणले उत्पादन तथा आम्दानीमा ह्रास आउन सक्छ ।

विगत अवधिको तुलनामा सन्दर्भ अवधिमा व्यवसायको उत्पादन परिमाणमा तथा आम्दानीमा जति प्रतिशतले वृद्धि वा ह्रास भएको छ, सो क्रमशः महल २ र महल ३ मा प्रतिशतमा लेख्नु पर्दछ । त्यसैगरी बृद्धि वा ह्रास हुनुको कारण महल ४ मा उल्लेख गर्नुपर्दछ । महल ५ मा उक्त कारणको कोड लेख्नुपर्ने हुन्छ, जुन पछि विभागमा प्रश्नावली कोडिङ्गको समयमा राखिनेछ ।

**८.१० प्रमुख सञ्चालकको पुष्प व्यवसायसम्बन्धी भावी योजना के छ ?**

यस प्रश्नमा व्यवसायका प्रमुख सञ्चालकले आगामी वर्ष आफ्नो व्यवसाय कुन क्षमतामा सञ्चालन गर्ने योजना गरेका छन् सोधी क्षमता बृद्धि गर्ने योजना भए कोड "१" मा, यथावत् संचालन गर्ने योजना भए कोड "२" मा, क्षमता कम गर्ने योजना भए कोड "३" मा र व्यवसाय नै बन्द गर्ने योजना भए कोड "४" मा गोलो घेरा लगाउनु पर्दछ ।

**८.११ पुष्प व्यवसायमा प्रभाव पार्ने विविध पक्षहरु**

कुनै पनि व्यवसायलाई सफलतापूर्वक सम्पन्न गर्न त्यस व्यवसायसँग सम्बन्धित आन्तरिक तथा बाह्य विविध पक्षहरुको महत्वपूर्ण भूमिका हुन्छ । यस प्रश्नमा पुष्प व्यवसायलाई प्रभाव पार्ने विविध पक्ष प्रति व्यवसायीको धारणा कस्तो रहेछ भनी जान्न खोजिएको छ । यो विषय उपर व्यवसायीले व्यक्त गरेको धारणालाई १ धेरै राम्रो, २ राम्रो ३ ठीकै, ४ नराम्रो ५ धेरै नराम्रो गरी पाँच स्तरमा वर्गीकरण गरिएको छ । व्यवसायीलाई सरकारी पुष्प नीति सोध्दा धेरै राम्रो भएमा १, राम्रो भएमा २, ठीकै भएमा ३, नराम्रो भएमा ४, धेरै नराम्रो भएमा ५ मा गोलो घेरा लगाउनु पर्दछ । यसरी नै व्यवसायीको विचारमा सरकारी प्राविधिक सेवाको उपलब्धता, निजी प्राविधिक सेवाको उपलब्धता, दक्ष जनशक्ति उपलब्धता, उत्पादनको लागि बजार, वित्तीय संस्थाबाट सुलभ ऋणको उपलब्धता र व्यवसायीको आफ्नो व्यवसायप्रति सन्तुष्टीको बारेमा अलग अलग सोधी उपयुक्त कोडमा गोलो घेरा लगाउनु पर्दछ ।

**८.१२ तपाईको विचारमा पुष्प व्यवसायको प्रवर्द्धनकालागि सरकारले गर्नुपर्ने प्रमुख कार्यहरु के के हुनसक्छन् ?**

पुष्प व्यवसायीको लागि नेपाल सरकारले के कस्तो नीति, योजना तथा कार्यक्रम ल्याएमा यो व्यवसाय अझ फस्टाउन सक्छ, समृद्ध हुन्छ भन्ने लाग्छ उत्तरदातालाई सोधी गर्नुपर्ने सुधारका लागि सुझाव उल्लेख गर्नु पर्दछ । यसरी सुझाव लेख्दा बुँदागतरूपमा बढीमा ५ वटा सम्म लेख्न सकिन्छ ।

**उत्तरदाताको नाम**

सर्वेक्षणमा सोधिएका प्रश्नको जवाफ दिने व्यक्तिलाई उत्तरदाता भनिन्छ । प्रश्नावली भर्दा प्रमुख सञ्चालकसँग सोधी विवरण संकलन गर्नु पर्दछ । कुनै कारणले प्रमुख सञ्चालक भेट नहुने भएमा सबै विवरण राम्रोसँग दिन सक्ने व्यवसायसँग सम्बन्धित अर्को सदस्यसँग सोधेर भए पनि प्रश्नावली भर्न सकिन्छ । यसरी उत्तर दिने उत्तरदाताको नाम, सही र मिति यहाँ लेख्नु पर्दछ ।

*अनुसूची १*

***जिल्ला कोड***

| जिल्ला | कोड |
|---|---|
| ताप्लेजुङ | 01 |
| पाँचथर | 02 |
| इलाम | 03 |
| झापा | 04 |
| मोरङ | 05 |
| सुनसरी | 06 |
| धनकुटा | 07 |
| तेह्रथुम | 08 |
| संखुवासभा | 09 |
| भोजपुर | 10 |
| सोलुखुम्बु | 11 |
| ओखलढुङ्गा | 12 |
| खोटाङ | 13 |
| उदयपुर | 14 |
| सप्तरी | 15 |
| सिरहा | 16 |
| धनुषा | 17 |
| महोत्तरी | 18 |
| सर्लाही | 19 |
| सिन्धुली | 20 |
| रामेछाप | 21 |
| दोलखा | 22 |
| सिन्धुपाल्चोक | 23 |
| काभ्रे | 24 |
| ललितपुर | 25 |

| जिल्ला | कोड |
|---|---|
| भक्तपुर | 26 |
| काठमाडौं | 27 |
| नुवाकोट | 28 |
| रसुवा | 29 |
| धादिङ | 30 |
| मकवानपुर | 31 |
| रौतहट | 32 |
| बारा | 33 |
| पर्सा | 34 |
| चितवन | 35 |
| गोरखा | 36 |
| लमजुङ | 37 |
| तनहुँ | 38 |
| स्याङ्जा | 39 |
| कास्की | 40 |
| मनाङ | 41 |
| मुस्ताङ | 42 |
| म्याग्दी | 43 |
| पर्वत | 44 |
| बागलुङ | 45 |
| गुल्मी | 46 |
| पाल्पा | 47 |
| नवलपरासी | 48 |
| रूपन्देही | 49 |
| कपिलवस्तु | 50 |

| जिल्ला | कोड |
|---|---|
| अर्घाखाँची | 51 |
| प्युठान | 52 |
| रोल्पा | 53 |
| रूकुम | 54 |
| सल्यान | 55 |
| दाङ | 56 |
| बाँके | 57 |
| बर्दिया | 58 |
| सुर्खेत | 59 |
| दैलेख | 60 |
| जाजरकोट | 61 |
| डोल्पा | 62 |
| जुम्ला | 63 |
| कालीकोट | 64 |
| मुगु | 65 |
| हुम्ला | 66 |
| बाजुरा | 67 |
| बझाङ | 68 |
| अछाम | 69 |
| डोटी | 70 |
| कैलाली | 71 |
| कञ्चनपुर | 72 |
| डँडेलधुरा | 73 |
| बैतडी | 74 |
| दार्चुला | 75 |

*अनुसूची २*

***शैक्षिक योग्यताको कोड***

| **शैक्षिक योग्यता (उत्तीर्ण गरेको तह)** | **कोड** |
|---|---|
| कक्षा १० वा सोभन्दा कम | १ |
| एस.एल.सी. | २ |
| कक्षा १२/प्रमाणपत्र तह | ३ |
| स्नातक तह | ४ |
| स्नातकोत्तर तह | ५ |
| प्राज्ञिक उपाधि (पी.एच.डी.) | ६ |
| साक्षर (अनौपचारिक शिक्षा) | ७ |
| निरक्षर | ८ |

## *अनुसूची ३*
## ***जात/जातिको कोड***

| | |
|---|---|
| 1 | क्षेत्री |
| 2 | ब्राह्मण-पहाडी |
| 3 | मगर |
| 4 | थारु |
| 5 | तामाङ |
| 6 | नेवार |
| 7 | मुसलमान |
| 8 | कामी |
| 9 | यादव |
| 10 | राई |
| 11 | गुरुङ |
| 12 | दमाइ/ढोली |
| 13 | लिम्बु |
| 14 | ठकुरी |
| 15 | सार्की |
| 16 | तेली |
| 17 | चमार/हरिजन/राम |
| 18 | कोइरी/कुशवाहा |
| 19 | कुर्मी |
| 20 | सन्यासी/दशनामी |
| 21 | धानुक |
| 22 | मुसहर |
| 23 | दुसाध/पासवान/पासी |
| 24 | शेर्पा |
| 25 | सोनार |
| 26 | केवट |
| 27 | ब्राम्हण-तराइ |
| 28 | कथवनीया |
| 29 | घर्ती/भुजेल |
| 30 | मल्लाह |
| 31 | कलवार |
| 32 | कुमाल |
| 33 | हजाम/ठाकुर |
| 34 | कानु |
| 35 | राजवंशी |
| 36 | सुनुवार |
| 37 | सुढी |
| 38 | लोहार |
| 39 | तत्मा/तत्वा |
| 40 | खत्वे |
| 41 | धोवी |
| 42 | माझी |
| 43 | नुनीया |
| 44 | कम्हार |
| 45 | दनुवार |
| 46 | चेपाङ/प्रजा |
| 47 | हलुवाइ |
| 48 | राजपुत |
| 49 | कायस्थ |
| 50 | बढई |
| 51 | मारवाडी |
| 52 | सतार/सन्थाल |
| 53 | झाँगड/धागर |
| 54 | बाँतर/सरदार |
| 55 | बरई |
| 56 | कहर |
| 57 | गनगाई |
| 58 | लोध |
| 59 | राजभर |
| 60 | थामी |
| 61 | धिमाल |
| 62 | भोटे |
| 63 | बिन |
| 64 | गडेरी/भेडियार |
| 65 | नुराङ |
| 66 | याक्खा |
| 67 | दराइ |
| 68 | ताजपुरीया |
| 69 | थकाली |
| 70 | चिडिमार |
| 71 | पहरी |
| 72 | माली |
| 73 | बंगाली |
| 74 | छन्त्याल |
| 75 | डोम |
| 76 | कमर |
| 77 | बोटे |
| 78 | ब्रम्हु/बरामो |
| 79 | गाइने |
| 80 | जिरेल |
| 81 | दुरा |
| 82 | बादी |
| 83 | मेचे |
| 84 | लेप्चा |
| 85 | हलखोर |
| 86 | पंजाबी/सिख |
| 87 | किसान |
| 88 | राजी |
| 89 | व्यासी/सौका |
| 90 | हायु |
| 91 | कोचे |
| 92 | धुनीया |
| 93 | वालुङ |
| 94 | मुण्डा |
| 95 | राउटे |
| 96 | ह्योल्मो |
| 97 | पथरकट्टा/कुशवाडिया |
| 98 | कुसुन्डा |
| 99 | ल्होमी |
| 100 | कलार |
| 101 | नटुवा |
| 102 | ढाँडी |
| 103 | धन्कार/धरिकार |
| 104 | कुलुङ |
| 105 | घले |
| 106 | खवास |
| 107 | राजधोव |
| 108 | कोरी |
| 109 | नाछिरिङ |
| 110 | याम्फु |
| 111 | चाम्लिङ |
| 112 | आठपहरिया |
| 113 | सरवरिया |
| 114 | बान्तवा |
| 115 | डोल्पो |
| 116 | अमात |
| 117 | थुलुङ |
| 118 | मेवाहाङ वाला |
| 119 | बाहिङ |
| 120 | ल्होपा |
| 121 | देव |
| 122 | साङपाङ |
| 123 | खालीङ |
| 124 | तोप्केगोला |
| 125 | लोहोरुङ |
| 126 | अन्य दलित |
| 127 | अन्य जनजाति |

*अनुसूची ४*

***विभिन्न प्रकारका फूल तथा बोटविरुवाको कोड***

| मौसमी फूल | | बहुबर्षे फूल | | आलंकारिक बोट विरुवा | | कट फ्लावर | | लुज फ्लावर | | गार्डेन दूबो | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **नाम** | **कोड** | **नाम** | **कोड** | **नाम** | **कोड** | **नाम** | **कोड** | **नाम** | **कोड** | **नाम** | **कोड** |
| सयपत्री | १०१ | अर्किड | २०१ | धुपी | ३०१ | गुलाफ | ४०१ | सयपत्री | ५०१ | जर्मन | ६०१ |
| पिटुनिया सिंगल | १०२ | गुलाफ | २०२ | स्वामी | ३०२ | गोदावारी | ४०२ | मखमली | ५०२ | चाईनिज | ६०२ |
| पिटुनिया डबल | १०३ | गोदावरी | २०३ | पाम | ३०३ | कार्नेशन | ४०३ | असर्फी | ५०३ | अमेरिकन | ६०३ |
| एन्टरिनियम (भ्यागुतेफूल) | १०४ | इन्द्रकमल | २०४ | ड्रेसिना | ३०४ | जर्वेरा | ४०४ | लाहुरे | ५०४ | नेपालिज | ६०४ |
| डेन्थस | १०५ | निर्जाई | २०५ | म्यापल | ३०५ | ग्लाडुलस | ४०५ | क्यालेण्डुला | ५०५ | | |
| जिनीया | १०६ | एजेलिया | २०६ | एरिका | ३०६ | अर्किड | ४०६ | गोदावरी | ५०६ | | |
| गोदावरी | १०७ | क्यामेलिया | २०७ | ड्रेसिना | ३०७ | जिप्सोफिला | ४०७ | | | | |
| गजानिया | १०८ | बगनबेली | २०८ | चामाडोर | ३०८ | स्वीटविलीयम | ४०८ | | | | |
| क्यालेन्डुला | १०९ | बोटल ब्रास | २०९ | सिपोटिया | ३०९ | क्यालेण्डुला | ४०९ | | | | |
| डाहलिया | ११० | क्लिबिया | २१० | क्याक्टस | ३१० | सुगन्धराज | ४११ | | | | |
| प्यान्जी | १११ | हीबिसकस | २११ | सम्पेना | ३११ | स्टोमा | ४१२ | | | | |
| सालभिया | ११२ | टुपिडेन्थस | २१२ | रेक्सुना | ३१२ | बर्ड अफ प्याराडाईस | ४१३ | | | | |
| भर्बेना | ११३ | पारिजात | २१३ | फोनेक्स | ३१३ | एन्थोरियम | ४१४ | | | | |
| सिनेरिया | ११४ | जाई | २१४ | आरकेरिया | ३१४ | लिलियम | ४१५ | | | | |
| निमेसिया | ११५ | एन्थोरियम | २१५ | साइकस | ३१५ | लिमोनियम | ४१६ | | | | |
| कार्नेसन | ११६ | बेगुनिया | २१६ | पिपल | ३१६ | | | | | | |
| स्टोक | ११७ | पंचेटिया | २१७ | थुजा | ३१७ | | | | | | |
| डेजि | ११८ | साक्लामेन | २१८ | फेलोडेनड्रोन | ३१८ | | | | | | |
| एक्युलेजीया | ११९ | एमरीलिस | २१९ | क्यालाडियम | ३१९ | | | | | | |
| सनफ्लावर | १२० | जर्नाडा | २२० | मनि प्लान्ट | ३२० | | | | | | |
| बिगुनिया | १२१ | मुसुण्डा | २२१ | जेब्रा प्लान्ट | ३२१ | | | | | | |

| मौसमी फूल | | बहुबर्षे फूल | | आलंकारिक बोट विरुवा | | कट् फ्लावर | | लुज फ्लावर | | गार्डेन दूबो | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | कोड | नाम | कोड | नाम | कोड | नाम | कोड | नाम | कोड | नाम | कोड |
| पोर्चुलाका | १२२ | ब्लिडिङ्गहर्ट | २२२ | नलिना | ३२२ | | | | | | |
| रडवेकिया | १२३ | बर्ड अफ प्याराडाईस | २२३ | कुट सिमल | ३२३ | | | | | | |
| जिरानियम | १२४ | ज्याकाराण्ड | २२४ | पेपरमिय | ३२४ | | | | | | |
| रेननकुलस | १२५ | क्यूफिया | २२५ | आइरन कास्ट प्लान्ट | ३२५ | | | | | | |
| क्याल्सेरिया | १२६ | नीर कमल | २२६ | सान्सेभेरिया | ३२६ | | | | | | |
| प्रीमुला | १२७ | सिरडी फूल | २२७ | होष्टा | ३२७ | | | | | | |
| ल्फक्स | १२८ | जेरानियम | २२८ | स्पाईडर प्लान्ट | ३२८ | | | | | | |
| मिसीमब्रान्थेमम् | १२९ | लान्टना | २२९ | पानी अमला | ३२९ | | | | | | |
| एलिसम | १३० | कालेन्चोक | २३० | निलकाँडा | ३३० | | | | | | |
| पपी | १३१ | | | गोल्डेन एज | ३३१ | | | | | | |
| मिमुलस | १३२ | | | फर्न कुरिलो | ३३२ | | | | | | |
| भरविना | १३३ | | | सिंदुरे | ३३३ | | | | | | |
| मखमली | १३४ | | | | | | | | | | |
| लुपिन | १३५ | | | | | | | | | | |
| निकोटिना | १३६ | | | | | | | | | | |
| क्याना | १३७ | | | | | | | | | | |
| आस्टर | १३८ | | | | | | | | | | |
| डयाफोडिल | १३९ | | | | | | | | | | |
| फ्रिजिया | १४० | | | | | | | | | | |
| आईरिस | १४१ | | | | | | | | | | |
| पेपरमुन | १४२ | | | | | | | | | | |
| स्वीट पि | १४३ | | | | | | | | | | |
| मखमली | १४४ | | | | | | | | | | |
| सेलोसिया | १४५ | | | | | | | | | | |